# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ९ जेठ २०८०

# मङ्गलवार

# बैठक सङ्ख्या- ८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु । माननीय इन्दिरा देवी गौतम ।

(१३:०४ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, अब हाम्रो देशमा मात्रै नभएर अब अहिले मनसुन सुरु भैसकेको छ । यो मनसुन सक्रिय हुन थालिसकेपछि पहाडमा पहिरो र बाढी, तराईमा डुबान र बाढी धेरै जनताहरू चाहिँ त्रसित हुने र धनजनको ठुलो क्षति हुने भएको हुनाले यसतर्फ घटना घटिसकेपछि व्यवस्थापनभन्दा पनि घटना घट्नुभन्दा अगाडि नै त्यतातिर सरकारले ध्यान दियोस् भनेर म सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । हस्, त धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय गंगा कुमारी वेलबासे ।

(१३:०४ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, पेट्रोलियम पदार्थमा मूल्य घटेको छ । खाद्यन्नको थोक मूल्य घटेको छ भनिएको छ । तर बजार मूल्य घटेको छैन । पसलैपिच्छे फरक मूल्य छ । यसको अनुगमन गरियोस् र मूल्य घटाइयोस् भन्ने म अनुरोध गर्न चाहन्छु ।

त्यस्तै गरेर राष्ट्रिय सुकुमवासी आयोगले मङ्सिरको निर्वाचनअगाडि जसरी काम गरिरहेको थियो, अहिले पनि निर्वाचनमा लागेको आचारसंहिता फुकुवा भएको छैन कि कसो हो? सरकारले पूर्ण रूपमा काममा जानको लागि राष्ट्रिय सुकुमवासी आयोगलाई सहयोग गरोस्, सहायता गरोस् र भूमिहीन दलित सुकुमवासीहरूको लालपूर्जा उपलब्ध गराउने हकलाई सुनिश्चित गरियोस् भन्ने विषय राख्न चाहन्छु हस् धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तारामान स्वांर ।

(१३:०५ बजे) **माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, बैतडी जिल्लाको पुरचडी नगरपालिका र सिगास गाउँपालिकामा नेपाल टेलिकमको टावर भए पनि त्यहाँ फोनको नेटवर्क नहुँदा स्थानीय नागरिकहरू सञ्चार सुविधाबाट वञ्चित भएका छन् । सुदूरपश्चिमका धेरैजसो जिल्लाहरूमा यो समस्या रहँदै आएको छ । त्यस क्षेत्रमा उपयुक्त ठाउँमा टेलिकमको टावर निर्माण गर्न सके त्यहाँका नागरिकहरू र सेवाग्राहीहरूलाई सजिलो हुनेतर्फ सम्माननीय अध्यक्ष महोदयमार्फत सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुलसा कुमारी दाहाल ।

(१३:०६ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, म आज अलिकति ओझेल परेको विषय उठाउँदै छु । यो विकास समिति ऐन, २०१३ यो टङ्कप्रसाद आचार्य प्रधानमन्त्री भएको बेलामा यो विकास समिति ऐन

बन्यो र यो विकास समिति ऐनलाई टेकेर १६८ ओटा चाहिँ गठन आदेशहरू भएका छन् । र त्यो गठन आदेश चाहिँ मन्त्रिपरिषद्ले गर्दै गयो र गठन आदेशअन्तर्गत कार्यविधि, नियमावलीहरू पनि बन्दै बन्दै गए । गठन आयोग आदेशको चाहिँ विकास समिति ऐनको दफा ३ मा लाई टेकेर अहिले प्रदेशसम्म पनि यो काम हुँदै गएको छ । त्यसले गर्दाखेरि यो प्रत्यायोजित विधायनको हिसाबले गठन आदेश आफैं पनि प्रत्यायोजित हो र यसले नियमावली, कार्यविधि, निर्देशिकाहरू बनाउन मिल्दैन । अहिले नेपाल सरकारले त्यो चाहिँ बनाउँदै गएको छ र संसदलाई ओझेलमा पारेको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा ।

(१३:०७ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेशको जाजरकोटलगायतका धेरै ठाउँहरूमा गाई, गोरु, बाख्रामा लाग्ने एउटा अनौठो रोग लागेको छ र धेरै क्षति भएको छ । रोकथामको लागि सरकारले पहल गरोस् र किसानलाई क्षतिपूर्तिको व्यवस्थापन गरोस् ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा स्थापना भएको छ । त्यसले धेरै डाक्टरहरू निर्माण गरेको छ । त्यहाँ आर्थिक अभाव छ । र घर भौतिक संरचनाहरू जमिन छ । भौतिक संरचनाहरू छैन । त्यसमा विशेष जोड गरेर सरकारले अहिलेको बजेटमा समावेश गरोस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय विमला घिमिरे ।

(१३:०७ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, कपिलवस्तु जिल्लाका ३१ जना उखु किसानहरू अहिले एक हप्तादेखि माइतीघरमा धर्नामा बसिरहेका छन् । पीडित किसानहरूको भनाइअनुसार कपिलवस्तु जिल्ला स्थित महालक्ष्मी सुगर मिलका सञ्चालक विरेन्द्र कनौडियाले ०७१/०७२ सालमा सरकारले किसानका लागि दिएको अनुदान रकम करिब २ करोड ५० लाख रुपैयाँ र आफूले दिन पर्ने किसानलाई गरी टोटल रकम चाहिँ करिब ८ करोड अहिलेसम्म नदिएको र त्यही मागलाई पूरा गराउनका निम्ति सरकारको ध्यान आकर्षण गराउनका निम्ति किसानहरू अहिले धर्नामा बसिरहेका छन् । म यो

सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको र खास गरी कृषिमन्त्रीज्यूको ध्यान आकर्षण गराउन चाहन्छु । तत्काल यी किसानहरूको माग पूरा गरेर सम्बन्धित सञ्चालकका प्रमुखलाई बोलाएर यो विषयमा कुरा गरेर यो समस्या सुल्झाउनका निम्ति म ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय शारदा देवी भट्ट ।

(१३:०८ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अहिलेको मुख्य समस्या भनेको भुटानी शरणार्थी समस्या हो । यो जघन्य अपराध राष्ट्रको लागि धेरै घातक हो । किन यसको छिटो छरितो तथ्य सत्य छानबिन हुन लागेको छैन? र दोषीलाई कारबाही दायरामा ल्याउनु सरकार किन हिच्किचाइरहेको छ? र अन्य सबै खाले भ्रष्टाचारको छानबिन होस् म भन्न चाहन्छु । तर सरकार पानीमा भएको घट्टाजस्तै स्लो चलिरा' छ । म अध्यक्षज्यूमार्फत नेपाल सरकारसँग जोडदार माग गर्दछु । छिटो यसको छानबिन होस् भन्ने माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुमित्रा वि.सी. ।

(१३:०९ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ उपदफा (१) बमोजिम नेपालभरिका दलित ५ वर्ष पुगेका बालबालिकाहरूलाई खाजा भत्ता दिँदै आएको छ । यो पच्चिसओटा जिल्लामा मात्रै लागु छ र यो सतहतरैओटै जिल्ला लागु होस् भन्ने म चाहन्छु । र यो ५३२ रुपियाँ मात्रै दिने गरिराखेको छ । यसलाई पुग्ने गरी दिइयोस् यो रकम कमी छ । यो सतहत्तरैओटा जिल्लामा लागु होस् ।

र यो अहिले भुटानी शरणार्थीलाई बाहिर नेपालीलाई शरणार्थी बनाएर बाहिर पठाउने यो भ्रष्टाचारमा संलग्नलाई निष्पक्ष छानबिन र तथ्य सत्य पत्ता लगाई कारबाही होस् । निर्दोष नफसोस् भन्दै सम्पूर्ण भ्रष्टाचारका फाइलहरू उजागर गरियोस् भन्ने जोडदार माग गर्दछु । धन्यवाद ।

(१३:१० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट संवत् २०८० जेठ ५ गते शुक्रावारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठक गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलको क्रम जारी रहन्छ । माननीय सदस्यहरू, दलीय आधारमा छलफलमा भाग लिन प्राप्त भएको नामअनुसार बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय जगप्रसाद शर्मा । समय ८ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१३:११ बजे) **माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, अस्तिदेखि सरकारले अगाडि सारेको नीति कार्यक्रममा छलफल चलिरहेको छ, यो गरिमामय राष्ट्रिय सभामा । सम्माननीय अध्यक्ष महोदयको अनुमतिले मैले मेरा आफ्ना धारणाहरू, यो नीति कार्यक्रममा आफ्ना धारणाहरू यहाँ प्रस्तुत गर्न चाहन्छु । नीति कार्यक्रमको कुरा गरिरहँदा र यसमा छलफलमा भाग लिइरहँदा २०१६ सालबाट सुरु भएको नीति कार्यक्रम आज ६४ वर्षको इतिहास पार गरेको रहेछ । र हामीले नयाँ संविधान जारी गरिसकेपछि यो छैटौं नीति कार्यक्रम रहेछ । विगतका कुरा छोड्दिऊँ । २०७२ सालमा संविधान जारी भैसकेपछि सुरु भएका नीति कार्यक्रमहरूमध्ये ६ ओटा नीति कार्यक्रमहरू सरसर्ती अध्ययन गर्दा अहिलेको नीति कार्यक्रमका कुनै सीमा कमजोरीहरू छैनन् त म भन्दिनँ । विगतका ६ ओटा नीति कार्यक्रमहरूभन्दा उत्कृष्ट खालको नीति कार्यक्रम प्रस्तुत भएको मलाई महसुस भएको छ ।

सम्माननीय अध्यक्ष महोदयको अनुमतिले मैले यहाँ माननीय बामदेव गौतमले जे प्रस्तुत गर्नुभएको थियो, त्यसमा म समर्थन जनाउन चाहन्छु सबभन्दा पहिला । र सङ्क्षिप्त रूपमा यो नीति कार्यक्रमले खास गरी यो देशको समस्या, राष्ट्रको समस्या, जनताको समस्यालाई सम्बोधन गर्ने कोसिस गरेको छ । फेरि पनि यो सबैको अस्तित्व, औचित्य र फिउचर, भविष्य यसको कार्यान्वयनसँग जोडिएको छ । नीति कार्यक्रमहरू सामान्यतः सबै बेला ठिकै ढङ्का आउने, त्यो कार्यान्वयन नहुने प्रकारको एउटा पुनरावृत्ति हुने गरेको इतिहास हामी जे भोगिराखेका छौं, अहिलेको नीति कार्यक्रमको एउटा सङ्कल्प, एउटा प्रतिबद्धता यसलाई कार्यान्वयन गरी छोड्नेसँग छ । किनकि वर्तमान सरकारको अस्तित्व, यसको भविष्य यसको कार्यान्वयनसँग जोडिएको छ ।

(१३:१३ बजे) <u>पीठासीन</u>:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- तसर्थ, यो कार्यान्वनय हुने गरी जो ढङ्गले नीति कार्यक्रम अगाडि आएको छ । यो अर्थमा यो नीति कार्यक्रमको मूल भाव र स्पिरिटीलाई मैले समर्थन गर्न चाहन्छु ।

सबभन्दा पहिला खास गरी यसले पाँचओटा लक्ष्यहरू निर्धारण गरेको रैछ । एउटाः राष्ट्रिय सार्वभौमिकताको, दोस्रोः भौगोलिक अखण्डताको, तेस्रोः स्वतन्त्रता र स्वाधिन्ताको, चौथोः राष्ट्रिय हितको संरक्षण गर्ने कुरा र पाँचौंः समृद्ध, सबल र न्यायपूर्ण समाज निर्माण गर्ने कुरा लक्ष्य यसले लिएको छ । यो लक्ष्य पूरा गर्नका निम्ति यसले आफ्नो केही कार्यभारहरू तोकेको छ । त्यो कार्यभार भनेको तीनओटा कार्यभार एउटाः संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत रूपमा विकास गर्ने कार्यभार, दोस्रोः समाजवाद उन्मुख अर्थतन्त्र योजना ढङ्गले विकास गर्ने कार्यभार, तेस्रोः समावेशी शासन प्रणालीलाई संस्थागत गरेर अगाडि बढाउने कार्यभार, यी कार्यभारहरूले यसले तोकेको छ । र यसको बुँदा नम्बर १६ मा यसले १५/१६ ओटा नीतिगत प्राथमिकताहरू तय गरेको छ । समय अभावका कारणले यो मैले वाचन गर्न चाहिनँ । बुँदा नम्बर १६ मा अहिलेसम्म प्रस्तुत भएका नीति कार्यक्रमहरूमा सबभन्दा यो नीति कार्यक्रमको सबभन्दा उत्कृष्टता यसैमै व्यक्त भएको छ भन्ने म आफूलाई महसुस भएको छ । यसले १६ ओटा नीतिगत प्राथमिकताहरू तय गरेको छ । मैले यो कुरा यहाँ राख्न चाहन्छु ।

र अर्को खास गरी यसले अहिले राष्ट्रका जल्दा बल्दा तीनओटा समस्याहरूलाई सम्बोधन गरेको छ । सम्मानानीय अध्यक्ष महोदय, एउटाः राजनीतिक समस्या, दोस्रोः आर्थिक सङ्कट आर्थिक समस्या र तेस्रोः सांकृतिक अराजकताको समस्या यो तीनओटा समस्याबाट देश जो गाजिएको छ, गुज्रिराखेको छ अहिले । यो नीति कार्यक्रमले यी समस्याहरूको सम्बोधन गर्ने र राष्ट्रलई अलि नयाँ ढङ्गले विकास गरेर अगाडि लैजाने एउटा सङ्कल्प गरेर एउटा नीति कार्यक्रम आएको छ । राजनीतिक हिसाबले यसले एउटा अस्थिरतालाई अन्त्य गरेर स्थायित्व स्थिरतालाई एउटा लयमा फर्काएको छ । खास गरी दुइटा आमचुनावहरू, तीनै तहका आमचुनावहरू पनि सम्पन्न भएका छन् । लोकतन्त्रलाई संस्थागत गर्ने कोसिस सीमा कमजोरीहरू त यसका छन् । त्यो कोसिस यसले गरेको छ । र त्यसको साथसाथै सुशासन कायम गर्ने कुरा पनि यसले एउटा सुरुआत महत्त्वपूर्ण कोसे ढुङ्गाका रूपमा एउटा महत्त्व राख्ने सुरुआत यसले गरेको छ । तसर्थ,

एउटा राजनीतिक ढङ्गले यसले सङ्कटको राजनीतिक अस्थिरता समस्याको समाधान गर्ने कोसिस यसले गरेको छ पहिलो कुरा ।

दोस्रो कुराः जुन आर्थिक सङ्कटबाट देश गुज्रिरहेको छ । समस्याहरू जो ढङ्गले जस्तो उठान उजागर यो नीति कार्यक्रमले जो ढङ्गले गरेको छ, अहिलेको रियालिटी पनि यसले उजागर गरेको छ र त्यसको साथसाथै सम्भावनाहरू, यसका आधारहरू पनि यसले पहिलाएको छ, पहिचान गरेको छ र समस्याहरू पनि पहिचान गरेर यसलाई हल गर्ने एउटा दृढ सङ्कल्पका साथ अगाडि आएको छ । यो अर्थमा खास गरी अहिले यसले सङ्कल्प गरेर आएको कुरा भनेको साधारण खर्चलाई कम गरेर पुँजीगत खर्चलाई बढाउने कुरा र आयातलाई रोकेर आयातलाई कम गरेर मतलब निर्यातलाई जस्तो वृद्धि निर्यात वृद्धि गर्ने कुरा र जस्तो सुशासन फेरि पनि आउँदाखेरि जस्तो सुशासन कायम गर्ने कुरा योसँग जोडिएको छ । यो सङ्कल्प गरेर आएको छ । मैले यो राख्न चाहन्छु ।

र तेस्रो कुराः सांस्कृतिक अराजकता जो ढङ्गले देखिएको छ । विचार दर्शन राजनीतिमा आधारित दलहरूप्रति स्वाभाविक रूपमा केही कोइसच्नहरू यतिखेर उठेका छन् । हो दलहरू सीमा कमजोरीविहीन त छैनन् । यसको अर्थ हामीले कैयौं इतिहासहरू इतिहासपट्टि फर्किएर हेर्दा हामी के देख्छौं, के पाउछौं भन्ने एकपटक, दुईपटक चुनाव जित्ने एकपटक, दुईपटकको चुनावमा विजय हासिल गर्ने अथवा सफलता हासिलता प्राप्त गर्ने कुराले मात्रै सबै कुराको निर्धारण गर्दैन ।

युक्रेनमा आएको जितेर आएको राष्ट्रपतिको उदाहरण हलिउड, बलिउडका बादशाहका रूपमा रहेका कलाकारहरूले एकपटक, दुईपटक इन्डियामा आएर जस्तो चुनाव जित्ने त्यसपछिको स्थिति पनि जस्तो हामीले देख्ने गर्छौं । मैले भन्न खोजेको कुरा विचार राजनीति दर्शनमा आधारित राजनीतिक दलहरूका सीमा त छन्, कमजोरीहरू त छन् । यो सच्चिने, रूपान्तर हुने एउटा अवसर एउटा महत्त्वपूर्ण अवस्था पनि जस्तो यतिखेर सिर्जना भएको छ र खास गरी विगतदेखिका विकृति र विसङ्गतिहरूलाई सफा गरेर नयाँ ढङ्गले अगाडि बढ्ने एउटा सङ्कल्प गर्न यतिखेर आवश्यकता छ । किनकि सबैको साझा दस्ताबेजका रूपमा हामीसँग संविधान छ । सबैको आधार भूमिको रूपमा हामीसँग राष्ट्रियता छ । यो राष्ट्रियता र संविधानका निम्ति संविधानले सिङ्गो राजनितिक दल र सिङ्गो राष्ट्रिय एकताबद्ध गरेर अगाडि लिने छ भन्ने कुरा म राख्न चाहन्छु । र अन्तमा सम्माननीय अध्यक्ष (म एक मिनेट समय माग गर्न चाहन्छु र अन्तमा मैले केही सुझावहरू दिन चाहन्छु ।) मैले सुरुमै पनि भनें कार्यान्वयनको कुरा जो छ

यो महत्त्वपूर्ण यसको अस्तित्वसँग जोडिएर आएको छ । त्यसकारण यो कार्यान्वयनको कुरालाई दृढतापूर्वक यो सरकारले अगाडि बढाओस् भन्न चाहन्छु ।

र दोस्रो कुराः विभिन्न ऐन, नियम, कानुनहरू बनाउने कुरा जो छ, यो संसदलाई बिजनेस दिओस् । यो सरकारले थुप्रै नियम कानुनहरू बन्न नसकेर त्यतिकै थाति रहेका छन् । त्यसलाई अगाडि बढाओस् भन्न चाहन्छु दोस्रो कुरा ।

तेस्रो कुराः यो देशमा भीआईपीहरूको सुविधा भारी मात्रमा अहिले कटौती गरियोस् बजेट आउँदै छ । केही दिनपछि भीआईपीहरूको बजेटमा मतलब जस्तो सुविधामा बजेट कटौती गरियोस् भन्ने म सुझाव राख्न चाहन्छु र अर्को कुराः अनावश्यक सरकारी संरचना जो छन् यसको पुनर्संरचना अथवा यसको पुनर्गठन गरियोस् र अनावश्यक संरचनाहरू यसको खारेज गरियोस् भन्ने म राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भैरव सुन्दर श्रेष्ठ । समय १० मिनेट । त्यसपछि माननीय रमेशजंग रायमाझी ।

**(१३:२० बजे) <u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हामी नेपाल सरकारको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूले नीति र कार्यक्रम जो प्रस्तुत गर्नुभ'को थियो, त्यसका बारेमा तीन दिनदेखि छलफल गरिरहेका छौं । र माननीयज्यूहरूले चाहे बेन्चबाट होस्, चाहे सत्तापक्षको बेन्चबाट आफ्नो कुराहरू राखिरख्नुभ'को छ । ७० पेजमा केन्द्रित भ'को १८८ ओटा बुँदामा लेखिएको यो नीति र कार्यक्रम सरकारलाई नै थाहा छैन कि जस्तो यो कहाँ जाने हो? कसरी जाने हो? यो एउटा भुलभुलैयाजस्तो । विगतको नीति र कार्यक्रम र बजेटको निरन्तरताका रूपमा आएको यो कार्यक्रम माननीयज्यूहरूले बोल्ने क्रममा हिजो र अस्ति अत्यन्तै राम्रो भन्नुभ'को छ । कसैले यो बाटोबाट निश्चित ठाउँमा पुग्न सकिन्न भन्ने कुरा पनि आ'का छन् । र पूर्ववर्ती सरकारले ल्याएका नीति कार्यक्रमभन्दा उत्कृष्ट भन्ने कुरा पनि आ'को छ । यो गन्जागोलको दस्तावेजबाहेक अरू केही पनि छैन ।

सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा देशको आर्थिक अवस्था कस्तो छ, मैले गन्जागोल किन भनें भन्ने सन्दर्भमा म आफ्नो कुराहरू राख्न चाहन्छु । पहिलो कुराः देशको अर्थ व्यवस्था, आर्थिक व्यवस्था कस्तो चाहिँ छ? त्यसतर्फ सरकारको ध्यान गएको छ कि छैन? चालु आ. व.

२०७९/०८० हामीले के कुराको लक्ष्य गरेका थियौं? ती कति कुराहरू लक्ष्य गरेका कुराहरू पूरा भए? कति हुन सकेनन्? किन हुन सकेनन्? यी सबै कुराहरूलाई आस्वस्त पार्नका निम्ति एउटा श्वेतपत्र नेपाल सरकारको नामबाट जनतामा जानकारी हुने गरी जारी हुनुपर्थ्यो । त्यो हुन सकेन । म यो विषयलाई यो य ति धेरै चाहिँ बुँदाहरूमा केन्द्रित भ'को लागि म सङ्क्षिप्तमा राख्न चाहन्छु ।

बुँदा नम्बर १ माथि एउटा इतिहासलाई बङ्ग्याउने गरी, इतिहासको यथार्थबाट टाढा गएर त्यसलाई बङ्ग्याउने गरी जुन शब्दहरू लेखिएका छन्, त्यसप्रति म राख्न चाहिँ चाहन्छु । यहाँ के भनिएको छ भन्दा विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति,ह जनयुद्ध जनआन्दोलन मधेस आन्दोलनलगायतका भनेर जुन शब्दहरू यहाँ प्रयोग गरियो, वास्तवमा हामी राजनीतिक पार्टीहरू नेपालमा राजनीतिक क्रान्ति केलाई भन्ने? ०६२/०६३ को जनक्रान्तिबाहेक त्यसभन्दा पूर्व कुनै पनि राजनीतिक क्रान्तिहरू नेपालमा भ'का छैनन् । यो कुरो सत्य जान्दाजान्दै पनि फेरि पनि हामी विगतमा भएका सबै आन्दोलन या राजनीतिक परिवर्तनलाई यो जसरी राजनीतिक क्रान्ति चाहिँ भनियो । त्यसबाहेक पनि अचम्म बेलाबखतमा नेपालमा संयुक्त जनआन्दोलन हुने गरेका छन् । जनयुद्ध त धेरैपछि २०५२ सालदेखि भ'को थियो । फेरि पनि त्यो जनयुद्ध शब्दलाई संविधान निर्माण गरिरहँदा राजनीतिक पार्टीहरूको बिचमा नेपालमा बेलाबखतमा ..... सङ्घर्षहरू भ'को कुराहरूलाई आत्मसात् गरेर त्यही कुरा संविधानमा लेखिएको छ । यो सहमतिको कुरा चाहिँ हो । त्यो सहमतिको कुरालाई बेवास्ता गरेर जनआन्दोलनभन्दा अगाडि जनयुद्ध भन्ने कुरा राखेर वास्तवमा हामी राजनीतिक परिवर्तनप्रति जुन खालको विश्वास गरेर अगाडि बढेका थियौं । त्यो विश्वासमा ठेस लाउने काम चाहिने यो नीति र कार्यक्रमलाई सम्माननीय राष्ट्रपतिज्यूले जो पढ्न लगाइयो, यसप्रति सत्तामा साझेदार रहेका सबै राजनीतिक दलहरूले खाल गर्नुभो' कि भएन? के नेपाली काँग्रेसले यो कुरालाई स्वीकार्न तयार छ? म प्रश्न गर्न चाहन्छु । यसरी इतिहासलाई इतिहासमा भएका राजनीतिक परिवर्तनलाई अपव्यख्या हुने गरी आफ्ना कुराहरूलाई सत्ताको आढमा जसरी जनयुद्ध दिवस मनाउनका निम्ति निर्णय गरियो । यदि जनयुद्ध दिवस मनाउनका निम्ति सहमति हुन्थ्यो भने संविधानमा लेखेर त्यो दिवस मनाउन सकिन्थ्यो तर पनि आफ्नो सरकारमा आइसकेपछि त्यो शब्द हाल्न लगाएर जनयुद्ध मनाएजस्तै फेरि त्यो कुरालाई पुनः स्थापित गर्ने गरी जनआन्दोलनभन्दा जनयुद्ध अगाडि भ'को थियो भन्ने कुरा जुन एउटा इतिहासलाई बङ्ग्याउन कुरा भ'को छ । त्यसप्रति म अब यो नीति र कार्यक्रममा आइसकेपछि यो सत्ता भएको कारणले हुन्छ या हुँदैन भन्ने पक्षमा हामी सत्तापक्षका

साथीहरूले यसमा विभेद फैलाउनु नै हुने छ । यसरी इतिहासलाई बङ्ग्याउनुहुँदैन, राजनीतिक आन्दोलनलाई बङ्ग्याउनुहुँदैन भन्ने कुरो म राख्न चाहन्छु ।

मैले यसभन्दा धेरै कुराहरू राख्न चाहिँ छ । पहिलो कुरोः हामीले वैशाखको १३ गते एउटा विशेष सार्वजनिक महत्त्वको प्रस्ताव यहाँ लिएर आ'का थियौं । त्यो प्रस्तावमाथि सबै माननीयज्यूहरूले सहमति गरेको कुरा के हो भन्दा देशको आर्थिक अवस्था कुनै पनि पक्षमाथि राम्रो छैन भन्ने कुरा हामी सबैले स्वीकारेको विषय हो ।

बुँदा नम्बर ५ र बुँदा नम्बर १४ माथि जुन कुरा उल्लेख भएको छ । ती आफैमा विरोधावास छन् । एउटा बुँदाले अर्थ व्यवस्था एउटा लयमा आइसकेको सबै राम्रो भएको भनिएको छ । अनि चाहिँ अर्को बुँदामा गैसकेपछि फेरि आफैले लेखेको कुरालाई त्यो बुँदालाई काटेको छ । यो विरोधावास ढङ्गले आएको यो नीति र कार्यक्रम साँच्चै भन्नुहुन्छ भने यो कार्यक्रम पूरा गर्नका निम्ति चालु आ.व. मा जुन बजेट हामीले स्विकार गरेका छौं त्यो बजेटको तीन गुना बढाउँदाखेरि पनि यो नीति र कार्यक्रमअनुसार बजेट आउनुपर्छ । जुन सम्भावना छैन । जुन देशको बजेट राजस्वको सङ्कलन हामी १४ खर्ब ३ अर्ब १४ करोडको लक्ष्य गरेका थियौं । त्यो देशमा राजस्व केवल ६ खर्ब ४६ अर्ब ८९ करोड मात्रै उठेको छ । जब राजस्व नै उठ्न सकेको छैन भने हामी यति धेरै चाहिने कार्यक्रमहरू अगाडि सारेर नीति र कार्यक्रम राखेर हामीकहाँ जान खेजेका हौं हाम्रो बजेटको सुनिश्चितता के हो? म आफूलाई अचम्म लाग्छ । सरकार कतातिर उन्मुख भ'को चाहिँ छ? सेमिनारमा लेखिएको छ । सामाजिक न्यायसहित समानुपातिक, समावेशी र सहकारीमूलक सिद्धान्तका आधारमा समानतामूलक समाजको निर्माण गर्दै समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण पनि गर्ने र यो नीति र कार्यक्रमले यो पक्ष अङ्गालेको छैन । यो पक्ष आ'को चाहिँ छैन । कहाँ जान खोजेको ऊ आफै अल्मलिएको छ ।

हुन सक्छ धेरै राजनीतिक पार्टीको कुराहरू राख्न चाहिँ खोज्दा कहाँ जान लागेको हो न यो समाजवादतर्फ उन्मुख छ, न पुँजीवादतर्फ उन्मुख छ । यो केवल चाहिँ एउटा जनतालाई शब्दजालमा पारेर गरिने छन्, हुने छन्, भनिने छन्, लागिने छ । त्यस्ता कैयौं मैले गन्दै ल्याउँदाखेरि ३००/४०० भन्दा बढी भएपछि कति गन्ने हो माननीयज्यू सबैले, यो देशका सबै जनताले गन्नुहुने छ । ती भुल्भुलैयामा लाग्ने शब्दहरूबाहेक म अरू केही पनि देख्दिनँ । यसले गर्दाखेरि जुन देशको बजेट अथवा राजस्व सङ्कलन यो समयमा दस महिनामा आइपुगेपछि जेठ लाइसक्यो । एघार महिनामा हामी प्रवेश गरेका छौं ५४ प्रतिशत मात्रै राजस्व ५३.९ प्रतिशत मात्रै राजस्व सङ्कलन भ'को छ । त्यस्तो देशमाथि यो खालको कार्यक्रम लेर हामी आ'का छौं ।

यो पूरा हुने हो वा होइन । हामीलाई थाहा छैन । यसैले यो दस्तावेजलाई नीति र कार्यक्रमलाई भुल्भुलैयाको सङ्केत गरिएको हो ।

हाम्रो पुँजीगत खर्च ३५ पर्सेन्टभन्दा यो वैशाखसम्मको अवस्थालाई हेर्ने हो भने पुँजीगततर्फ ३५ पर्सेन्टभन्दा बढी छैन । चीन र भारतसँग मैले अरू देशको बारेमा जान चाहिन । भारतसँगको हाम्रो व्यापारघाटा करिब ७ खर्ब ५३ अर्ब रुपियाँ छ । चीनसँग जो हाम्रो व्यापारघाटा करिब १ खर्ब ७७ अर्ब रुपियाँ चीनतर्फ छ । यस्तै समग्रमा ९ खर्ब ३० अर्ब रुपियाँ हाम्रो व्यापारघाटा ६५ करोड व्यापारघाटा छ । यस्तो अवस्थामाथि यो नीति र कार्यक्रम कसरी सफल हुने हो । यो नीति र कार्यक्रमअनुसार बजेट कस्तो हुने हो । हामी हेर्ने छौं र यो नीति र कार्यक्रमले साँच्चै भन्ने हो भने नीति र कार्यक्रमले पहिलो कुरा कृषिलाई प्राथमिकता दिए पनि कृषिसँग पर्यटन व्यवसायलाई प्राथमिकता दिन पर्छ । त्यसै गरी ऊर्जा विकासलाई प्राथमिकता दिनुपर्छ । शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिएर त्यसअनुसारको बजेट बनाइयो भने हामी केही उपलब्धिहरू हासिल गर्न सक्छौं हामीले कृषिलाई औद्योगीकरण गर्ने भनेका छौं । व्यवसायीकरण गर्ने भनेका छौं र वैज्ञानिकीकरण गर्ने भनेका छौं । त्यसको आधारले हामीले के हो भन्दाखेरि हामी आयात गरेर देशको अर्थ व्यवस्थालाई बलियो बनाउनभन्दा पनि निर्यातमुखी अर्थ व्यवस्था बनाउने गरी कार्यक्रम ल्याउने नीति ल्याउने त्यस्तो भएपछि देश बलियो हुन सक्छ ।

यो नीति र कार्यक्रमभित्र देश यत्र खालका गौरवका आयोजनाहरू सुरु भएका छन् । ती राष्ट्रिय गौरवका आयोजना विषयमाथि यो नीति र कार्यक्रम मौन छ । हामीलाई दुःख लाग्छ । अरबौं अरब खरब रुपियाँ चाहिँ राष्ट्रिय गौरवको आयोजनामा खर्च गरिएको छ तर नीति र कार्यक्रमले ती राष्ट्रिय गौरवका आयोजनाहरूलाई कति पूरा भए कति पूरा हुन बाँकी छन् र यसलाई पूरा गर्छु भनेर प्रतिबद्धतासहितको नीति कार्यक्रम आउनुपर्थ्यो । त्यो आउन सकेन र यी कुराहरू यी कुराहरू छन् ।

त्यसै गरी के हो भने अब यो भूमिलाई मैले यो बुँदा नम्बर ३६ मा भूमिको चक्लाबन्दी गर्ने भनिएको छ । त्यो चक्लाबन्दी कुन सिद्धान्त कुन कार्यक्रमका साथ चक्लाबन्दी गरिने हो जबकी नेपालमा भूमिको यति खण्डीकरण भ'को चाहिँ छ । त्यो खण्डीकरण भ'को भूमिलाई फेरि पनि औद्योगीकरण गर्ने व्यवसायीकरण गर्ने र वैज्ञानीकरण गर्ने निम्ति चक्लाबन्दी गर्ने हो भने त्यो कुन नीति र कुन विधिअनुसार चाहिँ गर्छौं । यो सोच्ने विषय भ'को छ । नीति र कार्यक्रम यसतर्फ पनि बोल्न चाहँदैन । बोलेको छैन । त्यसै गरी जग्गाको बारेमा नियमावली बनेको छ । जग्गालाई कसरी उपयोग गर्ने भनेर नेकपा एमालेको सरकार भ'को बेला ऐन बनेको छ,

नियमावली बनेको छ । नीति बनेको छ । फेरि अहिले यो चाहिँ नीति कार्यक्रममाथि फेरि ती कुराहरूलाई अब नबुझिने गरी हुन् या बुझिने गरी हुन् त्यो आफैमा सरकार अल्मलिएको छ । त्यस्ता खालका कुराहरू आ'का छन् । यसले निश्चित गन्तव्यमा पु¥याउन सक्दैन भन्ने कुरा म राख्न चाहन्छु । (सम्माननीय अध्यक्ष महोदय, एउटा मेरो सक्किहाल्यो ।) यो नीति र कार्यक्रममा १५० नम्बर बुँदामा त्यहाँ के छ भने सबै खालका समस्याहरूलाई सबै खालका समस्याहरूलाई कूटनीतिक माध्यमबाट समाधान गरिने छ भनेर लिपुलेक, कालापानी, लिम्पियाधुरा भन्ने त्यो जमिन नेपालको भैसक्यो नेपालको नक्सामा नक्साङ्कन गरिसकियो तर यो जमिन नेपालको हो भन्ने कुरा अहिलेको सरकार बोल्न चाहँदैन । यसलाई पनि समस्याको रूपमा राखेर समाधान गरिने । कूटनीतिक माध्यमबाट समाधान गरिने छ भन्ने कुराहरू फेरि पनि भारतीय सरकारका सामु नतमस्तक पार्नका निम्ति यस्ता शब्दजालहरू लेखिएका छन् । म यही कुरा राख्दै आफ्ना भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेशजंग रायमाझी । समय १० मिनेट । त्यसपछि माननीय सिंग वहादुर विश्वकर्मा ।

(१३:३१ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको तर्फबाट सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले संसदको दुई सदनलाई सम्बोधन गर्नुभएको नीति तथा कार्यक्रमको समर्थन गर्न चाहन्छु । यो नीति तथा कार्यक्रम त्यहीअनुसार सत्तामा बस्नेले ल्याएको कुरालाई प्रतिपक्षले आलोचनात्मक रूपले प्रस्तुत हुने र सत्तामा बस्नेले यसको समर्थन गर्ने । हाम्रो चलन प्रचलनभित्र यो परिरहेको छ । त्यसकारण पनि राम्रा कुराहरूलाई प्रतिपक्षले उठाएका कुरालाई पनि सरकारले कानुनमा संशोधन गर्नुपर्छ । अथवा कुनै कुरामा संशोधन गर्नुपर्छ । ती कुराहरूलाई आगामी आउने बजेटमा अहिले उठाएका कुरालाई अर्को बजेटमा समावेश गरिनुपर्छ कि भन्ने हिसाबले यसलाई यो संशोधनको कुराहरू सुनिनुपर्छ जस्तो मलाई लाग्छ ।

अब यो बजेटमा केही छैन । भन्ने खालको यो नीति तथा कार्यक्रममा बजेट भने छु । नीति तथा कार्यक्रममा केही पनि छैन । भन्ने भन्ने खालको कुराहरू चाहिँ आयो । अब एक जना प्रतिनिधि सभामा विपक्षी दलका नेताले एक घण्टा बाउन्न मिनेट बोल्नुभएछ । राष्ट्रपतिले एक घण्टा ५० मिनेट बोल्नुभएको होला । उहाँलाई जितेर त्योभन्दा पनि बढि मैले ल्याएको नीति तथा कार्यक्रम अझै स्पष्ट छ भन्ने हिसाबले बोल्नुभएछ उहाँले । बोल्दै जाँदाखेरि के के

बोल्नुहुन्छ भनेर सांसदहरूले सुन्न खोजे, के के आउँछ नयाँ कुराहरू, के के आउँदै छ । नयाँ अब योभन्दा परिमार्जित नयाँ कुराहरू आउनेभो' भनेर सांसदहरू चासो लेर लामो समयसम्म आइरहेको हाइ हाइ पटाइ गर्दै गर्दै पनि सुनिरहे । तर अन्तिममा के भन्नुभएछ भने यो पुनर्लेखन गर्नुपर्छ । पुन लेख्नुपर्छ भने किन यत्रो कुरा भन्नै पर्ने थिएन नि? सुरुमै आएर यो चाहिँ ठिक छैन यसको पुनर्लेखन गरौं भनेको भए दुई शब्दमा सकिन्थ्यो । यति लामो समयसम्म भूमिका बान्दै, बान्दै, जाल बुन्दै, बुन्दै, बुन्दै, बुन्दै पोटी माछा पार्नलाई खेती गर्नु पर्दैनथ्यो के । त्यसकारण पनि एउटा नेताले, म कुन स्तरको नेता हुँ, मलाई कुन रूपमा हेरिन्छ? मैले लिएको जिम्मेवारी के हो? म आजसम्म कुन पोजिसनमा छु? मैले बोलेको कुरा संसारभरी सुनिन्छ आज । मेरो घरको कोठाभित्र र चार दिवारीमा मात्र सुनिँदैन । त्यसकारण मैले बोल्दाखेरि संसारले सुनिरहेको हुन्छ । बुझिरहेको हुन्छ । र सुनिरहेको हुन्छ । त्यसकारण मैले आफ्नो मर्यादाभित्र बसेर मैले आफ्नो जिम्मेवारीभित्र बसेर बोल्नुपर्छ भन्ने कुरा सोँच्नुपर्छ भन्ने मलाई लाग्छ । किन भने घण्टौंसम्म आएर प्रवचन दिएर त्यो सदनमा अरू सांसदरूको चाहिँ कुनै कामै नभएको जस्तो अरू सांसदको कुनै भूमिकै नभए जस्तो, अरू सांसद चाहिँ सुन्न मात्रै आएको जस्तो गरेर संसदलाई गुम्राह राखेर आफु सर्वेसर्वाको रूपमा प्रस्तुत हुने जुन खालको बानी छ । शैली छ । यसमा परिवर्तन होस् नेताहरूको । जुनसुकै राजनीतिक दल र पूर्वप्रधानमन्त्रीहरूले दलका नेताहरूले बोल्दाखेरि समय निर्धारण नगरिने अनि मन लाग्दो हिसाबले कथा भन्दै जाने । दाल खाएदेखि लिएर लुगा लगाएको सम्म कथा सुनाउने थलो होइन यो संसद । यो यहाँ जनाताको समस्याको समाधान खोज्न यहाँ नया आवश्यकताहरूको कानुन बनाउनको लागि बनेको संसद हो । त्यसैले पनि नेताहरूले आज परिवर्तित शब्दहरूमा तपाईंले बोल्दा बोल्दै, तपाईंले सुन्दासुन्दै, हामीले बोल्दा बोल्दै सारा संसारले सुनिरहेको हुन्छ । त्यसकारण हामीले आफुलाई करेक्सन गरेर जानुपर्ने आजको आवश्यकता छ ।

अब यो बजेटको विषयमा माननीयज्यूहरूले यही पनि यो डली जस्तो छ भन्दिनुभो' । हो मलाई त यो डली कै रूपमा आ'को भन्ने ठान्छु । किन भने एउटा पसलले आफ्नो दोकानमा एउटा डली राखेको हुन्छ । र उसले त्यो डलीभित्र वस्त्र लाएर मान्छेलाई आकर्षित बनाउँछ । आकर्षित गराएपछि उसको आफ्नो व्यापार बढाउँछ । र त्यो उसले किन्ने वातावरण बनाउँछ । त्यो डलीमा लाएको कारणले कस्तो राम्रो देखियो । मैले लगाउँदा पनि राम्रो देखिने र'छ । मैले देखे लगाए भनि राम्रो हुने रहिछ भनेर त्यो ग्राहकले किन्छ । यो नीति तथा कार्यक्रममा आएको कुरालाई अझै परिमार्जन गर्दै सरकारले बजेटमा यसलाई जनताको पक्षमा जाने, देशको पक्षमा

जाने कार्य हुने गरेर बजेटको विनियोजन गर्छ भन्ने मैले आसा गरेको छु । त्यसकारण यो माननीयज्युहरूले उठाएको कुरा सत्य हो ।

अब माननीयजीले एउटा खेस्रा हो भन्दिनुभयो यो माननीयजी मलाई त यस्तो भन्नुहुन्छ जस्तो लागेको थिएन । प्रतिपक्ष दलका नेताले नै भनेको राष्ट्रिय सभामा खेस्रा नगरीकन लेखिँदैन । पहिला खेस्रै गर्नुपर्छ । पहिला खेस्रा कोर्दै, कोर्दै, कोर्दै, कोर्दै, गरेपछि अन्तिमा फाइनल हो माननीयजीले त्यसलाई खेस्राको रूपमा लिनुभएछ । खेस्रा नै हो । त्यो खेस्रालाई प्रमाणीत गरेर यो अनि त्यसलाई अन्तिम रूप दिएपछि यो नीति तथा कार्यक्रमको रूपमा यो आएको हो । त्यसकारण माननीयजीले भनेको कुरा सही हो । खेस्राबाट यसले आफ्नो रूप प्रारम्भ गरेको छ ।

अब जहाँसम्म हामीले यो हेर्छु म कृषि क्षेत्र, हामी कृषि प्रदान मुलुक भन्छौं हामीलाई, आफैंलाई । अस्ति एक जना कृषिको मन्त्री र सचिवसँग समितिमा बसेर छलफल गर्ने अवसर पाइयो । ८५ पर्सेन्ट सब्जी फलफुल अर्को देशबाट आउँछ रे हाम्रो, खाद्यन्नहरू अर्कै देशबाट आउँछ रे हाम्रोमा किन चाहियो कृषि मन्त्रालय? मैले सोधे । किन चाहियो? जे कामको लागि, जे कुरोको लागि त्यो मन्त्रालय खडा गरिएको हो । त्यो काम गर्दैन भने त्यो मन्त्रालय किन चाहियो? एउटा विभाग बनाएर, एउटा कुनामा राखिदए भइहाल्यो । कसैसँग यसो कुराकानी गर्ने हो भने । नत्र भए जे कामको लागि जे तयार गरिएको छ । त्यो गर्नुपर्यो । हामीले सांसदहरूले पनि हाम्रो काम के हो? हामी आलोचना मात्रै गर्ने हो कि? सरकारको आलोचना, सरकारको वकालत गर्ने हो कि? हामीले, सरकारले कानुनहरू बनाउने कुराहरू, सरकारले कानुन ल्याउने कुराहरू संसदले महत्त्वपूर्ण भूमिका लेखेर हामीले आफ्नो जिम्मेवारी पनि पूरा गर्ने हो? हामी कहिले आफ्नो अवधि सकिन्छ? कहिले पाँच वर्ष सकिन्छ? कहिले छ वर्ष सकिन्छ? अनि घर जाने भनेर बस्ने हो कि? हाम्रो जिम्मेवारी अरू पनि छ । त्यो तर्फ हामी कोहि पनि गएको देख्दैन ।

आज चिन्ताको विषय छ । आज राजनीतिक पार्टीहरू कसैले गौरबका साथ नभने पनि हुन्छ । हिजो हामी परिवर्तनको लागि हामी पनि लडेका मान्छे हौं । २०४६ सालभन्दा अगाडिदेखि लडेका हौं । पार्टी प्रतिबन्धमा हुँदादेखिको अवस्था देखि लडेका मान्छे हौं । तर लड्यौं । केका लागि लड्यौं? हामीले ल्याएको व्यवस्थाले हामीले के दिन्छौं भनेका थियौं जनतालाई? मुलुकलाई के दिन्छौं भनेका थियौं हामीले? सुशासनका कुरा गर्‍याथ्यौं । सुशासन देखिँदै छ आज? सुशासन देखिँदै त अलि कति सूचक देखिन थाल्यो । अहिले नयाँ सरकार बनेपछि जनतामा अलिकति निरासा बढ्यो भनेर जताजतै आवाज उठ्न थाल्यो भनेर अलिकति

सूचकहरू देखिन थाल्यो । भ्रष्टाचारीहरू पक्राउ पर्न थाले । अदालतमा पुगिसके । अब अदालतले त्यसलाई कारबाही अगाडि बढाउछ भन्ने आसा राखेको छु मैले । हामीहरूले सोँचेभन्दा फरक अवस्थाबाट अगाडि गइरहेको छ । यसरी अगाडि बढेर हामीले त लोगो लगायौं होला । हामी त सांसद भएर आयौं होला । यसले सबै चिज पूरा हुँदैन । हामीले हाम्रो नेताहरूलाई पनि भन्न सक्नुपर्‍यो । र हामी पनि सच्चिनुपर्‍यो । हामीले नेताहरूलाई पनि औंला ठडाउन सक्नुपर्‍यो । पर्ने ठाउँमा ठड्याउनुपर्‍यो । हिजो राजालाई औंला ठडाउने यो समाज यो माननीय भएर आएको नेतृत्व आज चाहिँ आफ्नो नेतालाई गल्ती गर्दा किन भन्न सक्दैन? तपाईंबाट गल्ती भइरहेको छ । गल्ती सच्याउनुहोस् । चाहे सत्ता पक्ष होस् या प्रतिपक्ष होस् । त्यसकारण आज राजनीतिक, आज मान्छेको बिचमा राजनीतिकलाई वितृष्णाको रूपमा लिइरहेको छ ।

हाम्रो घरको परिवारको मेरो छोरोले राजनीतिक गर्छन् भन्दाखेरि गर्दिन भन्छ । राजनीतिक कुरा सुन्न चाहँदैन ऊ । के कारणले भन्दा हाम्रा कारणले । हामीले विकृति निम्ताएका कारणले । हाम्रा मान्छेले गरेका निर्णयले, हाम्रो देश र जनताले दुःख पाएका कारणले । त्यसकारण अब बन्ने बजेटमा पनि सरकारले बजेट माननीयहरुले उठाए जस्तै हुनेछ । गर्नेछ हैन । गरिनेछ । र यति पैसा राखिनेछ । यति पैसा राखेर साउनको १ गतेदेखि टेण्डर प्रक्रियाबाट जानेछ । र साउनभरीमा टेण्डर प्रक्रिया पूरा गरेर भदौमा त्यो टेण्डर हाल्ने ठेकेदारलाई जिम्मा, ठेक्का जिम्मा लाएर असोजमा दशैं तिहार मनाइसकेपछि, तिहारको टिको सकेको भोलि पल्टदेखि विकास निर्माणको कुरामा हामी लाग्ने छौं हामी लाग्ने छौं । भन्ने खालको कार्यान्वयनको अवस्था सृजना गरेर बजेट ल्याउनुपर्छ । बजेट छुट्याइ दिएको छ । १० करोड रुपैयाँ लाग्ने बजेट लाग्ने ठाउँ छ । १ करोड रुपैयाँ छुट्याइ दिएको छ । न काम हुन्छ । न योजना सफल हुन्छ? न कार्यान्वयनको पक्षमा जान्छ । त्यसैले पनि आज यो अवस्था छ । त्यसकारण म सरकारले ल्याएको नीति तथा कार्यक्रमको बारेमा हामीले सबैले अब सरकारले ल्याएको नीति तथा कार्यक्रम जुन छ, किताब छ । योअनुसार बजेटलाई अझै यसलाई परिमार्जन गर्दै जनताको पक्षमा र विकासको पक्षमा, हामीले चाहेको परिवर्तनको पक्षमा खालको बजेट र निश्चित सुनिश्चतता गर्ने खालको बजेट आओस् भन्ने कामना गर्दै बिदा हुन चाहन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय सिंग वहादुर विश्वकर्मा । समय ६ मिनेट । त्यसपछि माननीय प्रमिला कुमारी ।

(१३:४१ बजे) **<u>माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, संघीय संसदको दवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभई सम्माननीय राष्ट्रपतिज्यूले प्रस्तुत गर्नुभएको नेपाल सरकारको आर्थिक वर्ष ०८०/०८१ को नीति तथा कार्यक्रमको म स्वागत, सम्मान र समर्थन गर्दछु । र कार्यान्वयनको लागि समेत नेपाल सरकारलाई अग्रिम शुभकामना दिन चाहन्छु ।

र आजको उक्त विषयमाथिको छलफलमा, बैठकमा म आफ्नो धारणा राख्ने अनुमति चाहन्छु । समाननीय अध्यक्षज्यू, नीति तथा कार्यक्रम सबै भूगोल, क्षेत्र, समुदाय, वर्गलाई लक्षित गरी राज्यको चौतर्फी विकास र समृद्धिलाई मध्यनजर गरी महत्त्वपूर्ण योजना तथा कार्यक्रमहरूसहित समेटिएर उल्लेखित छ । जस्तैः कृषि क्षेत्रको विकासका लागि कृषि बिमा विस्तार, कृषि कर्जामा पुनरावलोकन, किसानलाई योगदानमा आधारित पेन्सन, अवधारणा र रासायनिक मल कारखाना स्थापना गर्ने बहुवर्षीय योजना बनाई लागु गर्ने सहकारी नीति परिमार्जन राष्ट्रिय योजना आयोगको पुनर्संरचना हुने नयाँ योजनाको पूर्वतयारी सकेर मात्र बजेटको विनियोजन गरिने ।

हेटौंडा कपडा, गोर्खाली रबर, बुटवल धागो उद्योग सञ्चालन गरिने लघु वित्तीयमा देखिएका समस्याको निराकरण गरिने, ८० को दशकलाई पर्यटन वर्षको रूपमा मनाइने, तिलगंगा अस्पताल उत्पादित लेन्स ब्रान्डिङ गरिने, हिँड्नलाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने, काठमाडौं नदीका किनारामा रहेका सुकुम्वासीलाई स्तरोन्नति गरिने, प्रत्येक दुई जिल्लामा एउटा फ्री एम्बुलेन्स सञ्चालन गर्ने, स्वास्थ्य बिमालाई पुनरावलोकन गरिने सबै प्रदेशमा मेडिकल कलेज स्थापना गर्ने, प्रदेश क्षेत्रीय अस्पताललाई शिक्षण अस्पतालमा विकास गर्ने, कीर्तिपुर र मूलपानी क्रिकेट मैदानमा दुई वर्षभित्रमा अन्तर्राष्ट्रिय प्रतियोगिता गराउने काठमाडौं-तराई द्रुतमार्ग २०८३ भित्र सम्पन्न गरिने र एम्बुलेनस निगमको, वायु निगमको पुनः सञ्चालन गरिनेजस्ता महत्त्वपूर्ण कार्यक्रम तथा योजनाहरू समेटिएको छन् ।

सम्माननीय अध्यक्षज्यू, प्रस्तुत नीति तथा कार्यक्रम जनअपेक्षितकारी र आजको आवश्यकता मुलुकको विकास र समृद्धिको लागि महत्वपूर्ण छ । तथापि केही विषयहरू जस्तोः अहिलेको देशको परिभेषअनुसार व्यापार, व्यवसाय, प्रावधान र सहुलियत ऋण, कर प्रणालीमा पुनरावलोकन गर्नुपर्ने दलित समुदायको हक, हित र अधिकार सम्पन्न बनाउन राष्ट्रिय सभामा पेस गरिएको सङ्कल्पमा समेटिएका विषयहरू नसमेटिएकाले त्यहाँको महत्वपूर्ण विषयहरू समेटिनुपर्ने, रुग्ण उद्योगहरूः गोदावरी, मारबल उद्योग, magnicide, खरे डुङ्गा सञ्चालन, सव्यवस्था र अध्ययन नेपाल भारत सीमा अतिक्रमण समाधान बढ्दो वैदेशिक अध्ययनतः तथा रोजगारीका युवा

जनशक्ति पलायन रोकथाम, सबै नागरिकहरूलाई सामाजिक सुरक्षा कार्यक्रम समेटिनुपर्ने सुझावसहित र अर्को कुरा म गृहमन्त्रालयलाई के भन्न चाहन्छु भने जतिसम्म यो दलितहरूमा भई गरेका कुराहरूको अहिलेसम्म कार्यान्वयनमा ल्याउन सकिएको छैन, त्यसैले गर्दाखेरामा यो प्रत्येक जिल्लामा, प्रदेशको जिल्ला जिल्लामा चैं दलित सेल गठन गरी दलितहरूको हक र हितलाई मध्यनजर गरी त्यो चुस्त रूपले कार्यान्वयनमा आउने छ भन्ने एउटा सुझावसहित राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रमिला कुमारी । समय ५ मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

(१३:४६ बजे) **माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफलमा आज म आफ्नो मन्तव्य राख्न चाहन्छु ।

यस नीति तथा कार्यक्रमको short analysis गर्दा यसको strength, weakness, opportunity र threats को विश्लेषण गर्दा यस नीति तथा कार्यक्रममा strength र opportunity बढी देखिएको छ । यसका सबल पक्षहरू नै बढी छन् । र threats, challenges पनि केही छन् । यस नीति तथा कार्यक्रमको effective implementation बाट संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन हुने, उत्पादन र रोजगारीमा वृद्धि भई स्वाधीन, सबल र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रका आधार स्तम्भहरू संस्थागत गर्न सहयोग हुने छ । र यसका केही थप सबल पक्षलाई पनि म indicate गर्न चाहन्छु । स्थानीय तह र प्रदेशलाई मजबुत बनाउन वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन हुने, खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण हुने, यसपालीको बजेटमा पुँजीगत खर्च वृद्धि हुने, नीति अनुसन्धानमा रहेको संस्थागत दोहोरोपना हटाइने, सार्वजनिक क्षेत्रमा हुने अनावश्यक खर्च कटौती हुने, किसान पेन्सन योजनाको अवधारणा अघि बढाइने, प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक एकवटा शीतगृह कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गर्ने, रासायनिक मल उत्पादन गर्ने कारखाना स्थापना गरी रासायनिक मल समयमै उपलब्ध गराइने, संघ, प्रदेश र स्थानीय तहको समन्वयमा भूउपयोग योजना तयार गरिने, सीमान्तकृत र विपन्न परिवारलाई लक्षित गरी वडामा सहुलियत खाद्यन्न पसलको व्यवस्था गरिने, वैदेशिक लगानीलाई उत्पादन एवम् रोजगारमूलक क्षेत्रमा परिचालन गर्न

प्रोत्साहन गरिने गरी कृषि, स्वास्थ्य र शिक्षामा बढी focus दिएर नीतिगत सुधार र कार्यक्रमहरू ल्याइएको देखिन्छ । यी सबै नीति तथा कार्यक्रमका सबल पक्ष हुन् । नेपाली नागरिकलाई यी कार्यक्रमहरूबाट अवश्य नै राम्रो अवसर प्राप्त गर्छ ।

अब म यस नीति तथा कार्यक्रमका कमजोर पक्षाहरूलाई पनि indicate गर्न चाहन्छु । Human Development Index मा पछि परेका कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेशलाई विशेष प्राथमिकतामा राखी तद्अनुरूप स्रोत साधन परिचालन गरिने छ कुरा उल्लेख गरिएको छ । यो यस नीति तथा कार्यक्रमको सबल पक्ष हो तर नीतिअनुसारको कार्यक्रम ल्याइएको छैन । For example: बुँदा नम्बर ८२ को अन्तिममा उल्लेख गरिएको छ, कर्णाली प्रदेशको भेडिगंगा उपत्यकाको नमुना आधुनिक सहरको गुरु योजना तयार गरी निर्माणकार्य अगाडि बढाइने छ । बुँदा नम्बर ८३ मा मध्यपहाडी लोकमार्ग आसपासका दशवटा नयाँ सहरलाई पहिचानयुक्त सहरको रूपमा विकास गरिने छ । यसरी कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशलाई indicate गरी विशेष प्राथमिकताका साथ कार्यक्रमहरू राखिएका छन् । तर मधेस प्रदेशलाई indicate गरेर विशेष प्राथमिकताका साथ कार्यक्रमहरू नराखिएको देखिन्छ । (एक मिनेट, please.) गठबन्धन सरकारले पनि मधेस प्रदेशलाई ignore गरेको सहजै देखिन्छ ।

बुँदा नम्बर ११८ मा उल्लेख गरिएको छ, गरिब तथा विपन्न, दलित, आदिवासी जनजाती, एकल महिला र अपाङ्गता भएका महिला, वादी, कमलरी, कमैया, चेपाङ, बोटे, हिंसा पीडित, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, एचआईभी सङ्क्रमित, वञ्चितमा परेका सबै समुदायका महिला तथा किशोरीको आयआर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक, सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिने छ । यी सबै समुदाय Human Development Index मा पछि पर्छन् । जसका लागि यो कार्यक्रम ल्याइएको छ । कार्यक्रम सराहनीय छ । उहाँहरूले पनि राज्यको property, power र prestige मा समानुपातिक साझेदारी पाउनुपर्छ । तर मधेसमा बस्ने मधेसी, मुस्लिम, थारू भन्ने शब्द यस कार्यक्रम नीति र कार्यक्रममा कहीं पनि उल्लेख गरिएको छैन । यसलाई discrimination भन्ने कि नभन्ने?

र अन्तमा विद्यालय स्तरका विद्यार्थीहरूलाई खाजा भत्ता र बालबालिकालाई पनि दिने पोषण भत्तामा अभिवृद्धि गरी यस नीति तथा कार्यक्रममा सुधार गर्नुपर्ने कुराहरू सुधार गरी effective implementation को ......(समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय तुल प्रसाद विश्वकर्मा । समय ५ मिनेट । त्यसपछि माननीय रामचन्द्र राई ।

(१३:५३ बजे) **मानननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, ०८०/०८१ को नीति तथा कार्यक्रमबारेमा बोलिरहँदा यहाँ यसको डिटेलमा म जान चाहन्नँ । र यसका पक्ष र विपक्षमा दुवै विचारहरू यहाँ प्रस्तुत भएका छन् । र म यसमा यो नीति कार्यक्रममा नपरेका र मेरा आफ्ना केही असहमतिहरू यहाँ राख्न चाहन्छु ।

सबभन्दा पहिला यो बुँदा ११ मा संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । त्यसका साथै आर्थिक, सामाजिक विभेदको अन्त्य पनि उल्लेख गरिएको छ । र त्यसको अन्तिममा गएर भनिएको छ स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिको अवलम्बन गरिने छ भन्ने कुरा आएको छ । यस विषयमा के भन्न चाहन्छु भने म हामी सधैं यहाँ चिन्ता व्यक्त गर्दै आईरहेका छौं । देशको अर्थतन्त्र अत्यन्त कमजोर भएको छ । नाजुक दिशामा अगाडि बढिरहेको छ । र हामीले सुन्ने गरिरहेका छौं कि देश करिब करिब श्रीलङ्काको बाटोमा जान लागेको छ भनेर मिडियाहरूले पनि भनेका छन् र यहाँ पनि हामीले त्यो सुनिरहेका छौं । यस्तो अवस्थामा हामीले संघीयतालाई प्रभावकारी कार्यान्वयन गर्ने भनेर भनिरहेका छौं । त कसरी गर्छौं हामी? जब हामीसँग पर्याप्त मात्रामा हाम्रो आर्थिक उसले भेट्दैन कि ७, ८ ओटा सरकार चैं हामी कसरी चलाउँछौं? कसरी धान्न सक्छौं? प्रदेशका मन्त्रीमण्डल, त्यहाँका सांसदहरूलाई हामीले कहाँबाट ल्याएर तलब खुवाउँछौं? अनि उनीहरूलाई तलब खुवाउन बजेट सिद्धिन्छ अनि त्यसपछि हामीले विकास निर्माण केबाट गर्छौं? औद्योगिक विकास कुन उसबाट गर्छौं? त्यसैले म यो नीति कार्यक्रममा संघीयता चैं खारेज गर्छौं र संघीयताको जुन एउटा कार्यकारी स्वरूप छ, त्यसलाई बदलेर प्रशासनिक स्वरूपमा राख्छौं भनेर यो नीति कार्यक्रममा आउनुपर्छ भन्ने मैले यहाँ अनुरोध गर्न चाहन्छु ।

त्यस्तै हाम्रो देशको असंलग्न परराष्ट्र नीतिको कुरो छ । तर बेला बेलामा हामी चिप्लिने गरेका छौं । यदि साँच्चै हामीले यो देशलाई युक्रेन बन्न नदिने हो भने एमसीसी खारेज गर्नुपर्छ । यो कुरा नीति कार्यक्रममा आउनुपर्यो । आज देख्दा युक्रेन र रसियाको लडाइँ भइरहेको छ । रुस र युक्रेनको लडाइँ होइन वास्तविक रूपमा अमेरिका र रुसको लडाइँ हो यो । यहाँ एमसीसी जुन किसिमले यहाँ जबरजस्ती यहाँ पास गरिएको छ, त्यो एमसीसीको भविष्य पनि खतरनाक छ । त्यसैले यो एमसीसी खारेज गरिने छ भनेर यो चैं नीति कार्यक्रममा छुटेको छ । यो यहाँ हालिनुपर्छ भन्ने मैले निबेदन गर्न चाहन्छु ।

त्यसका साथै यहाँ ११८ बुँदामा गरिब तथा विपन्न वर्गपछि दलित समुदाय भनेर लेखिएको छ । दलितको कुरा आएको छ । वास्तवमा राज्यले दलित समुदायलाई यो छुट्टै वर्ग हो, यो छुट्टै हो र यो दलित समुदायको समस्या भनेको विशिष्ट हालको समस्या हो, भिन्नजनय समस्या हो । यसलाई भिन्न प्रकारले सम्बोधन गरिनुपर्छ भन्ने कुरालाई सरकारले स्वीकार गरेको कुरा मैले महसुस गरेको छैन । किन भन्दा सबभन्दा पहिला विपन्न तर गरिब भनेको छ,

त्यसपछि बल्ल दलित, जनजाती, अन्य भनेर लामो सबैमा सबै अपाङ्ग सपाङ्ग सबैलाई एकै ठाउँमध्ये घालमेल गरेर लिएको छ । यसको अर्थ दलितहरूलाई महत्त्व दिएको छैन । जस्तै महिलाको विषयमा अलगै बुँदा उल्लेख गरिएको छ । अन्य उसको विषयमा अलग बुँदा छ । तर दलित समुदायको बारेमा उल्लेख छैन । त्यसैले यहीँ राष्ट्रिय सभाको संसदबाट पारित गरिएको सङ्कल्प प्रस्तावलाई हामीले लागु गरिने छ भन्ने कुरा पनि यो नीति कार्यक्रमले समेट्न सकेको छैन । त्यसको बारेमा बारम्बार हामीले लबिङ गर्ने, सम्माननीय प्रधानमन्त्रीलाई भेट्ने, अर्थमन्त्रीज्यूहरूलाई भेट्ने हामीले प्रयास गरिरहेका छौँ । यो कुरा छुटेको हुनाले यसमा आउनुपर्छ भन्ने कुरा मैले जोडदार रूपमा राख्न चाहन्छु । समयको चैं अभाव छ, भन्ने कुरा धेरै छ । त्यसैले मैले अरू कुरालाई थाती राख्दै म आफ्नो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय रामचन्द्र राई । समय ५ मिनेट । त्यसपछि माननीय मदन कुमारी शाह (गरिमा) ।

(१३:५८ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सरकारको नीति कार्यक्रम आइरहँदाखेरि हामीले महसुस गरेका थियौं । यसले विगतका वर्षहरूलाई नाप्ने छ । र हामी कहाँ छौं भने तय गरेर अर्को वर्षमा हामी कहाँ पुग्ने भनेर योजना बनाउने छ । र त्यो चित प्राप्त गर्नका लागि कार्यक्रमहरू ल्याएर नेपाली जनतालाई पस्कने छ भन्ने सोंचेका थियौं । तर यसले के गरेन भन्दा विगतको वर्षमा अहिले हामी कहाँ छौं? भन्ने कुरा यसले मापन गरेन । र यसले अर्को वर्ष चाहिँ कहाँ पुग्ने भन्ने प्रशस्त मात्रामा कार्यक्रम राख्यो । यो कसरी सम्भव छ? यति सबै प्रस्तुत गरिएको कार्यक्रमहरू साँच्चै सञ्चालन गर्ने कार्यान्वयन गर्ने हो भने खोइ कति खर्ब लाग्छ । म अर्थशास्त्रको विद्यार्थी होइन । र त यति थाहा छैन । तर हाम्रो अर्थतन्त्रले थेक्छ कि थेक्दैन । मलाई शंका लाग्छ । त्यसो भएर नीति तथा कार्यक्रमले नीति तथा कार्यक्रम चाहिँ हेर्दा देखिने छाम्दा भेटिने मापन योग्य भयो भने हो यसपालि गरिएको पोहोर गरिएको नीति तथा कार्यक्रमले उद्घोष गरिएको कुरा यति भेटियो, यति भेट्न बाँकी छ । त्यसलाई पूरा गर्न हामी यी कार्यक्रम दिएर पूरा गर्छौं भन्न सकिन्छ । र यो वास्तममा मापक योग्य पनि हुन्छ । र मापन योग्य कुराहरू मात्रै सरकारले ल्यायो भनी राम्रो । त्यो मापन योग्य नभएर गर्दा मलाई के लाग्छभन्दा, कतै यो गफाडीको गफमा त सीमित हुँदैन? हाम्रोतिर व्यापक चलन छ । गफाडीको गफै त हो भन्ने चलन छ । कही यसमा सीमित हुँदैन? यदि बजेट विनियोजन गर्ने कुरामा यी प्रोग्रामहरू सञ्चालन गर्न

कार्यान्वयन गर्नलाई पुगेन भनि त यो गफाडीको गफमै सीमित हुन्छ । म चाहन्छु । यो गफाडीको गफमै सीमित नहोस् । यसले प्रशस्त यो प्रस्तुत गरिएका कार्यक्रमहरू भेट्नको लागि पुग्ने गरी बजेट विनियोजन गर्न सकोस् । शुभकामना भन्न चाहन्छु ।

मैले आर्थिक परिसूचक सकारात्मक हुँदै गा'को छ । अर्थतन्त्र स्वभाविक लयमा फर्कंदै गरेको छ भन्ने कुरा पनि हेर्न नपाए । तर बजारमा कोकोहोलो छ । अर्थतन्त्र तवाह हुने भो माननीयज्यूहरूले पनि भन्दै हुनुहुन्थ्यो । अर्थतन्त्र तवाह भयो, तवाह भयो अब हामी श्रीलङ्का जस्तो हुन्छौं । अब के हुन्छ । मैले अस्ति बजारमा गइरहँदाखेरि एउटा मासु पसलमा सोधेको थिएँ, एउटा तरकारी पसलमा सोधेको थिए र एउटा ग्रोसरी दोकानमा सोधेको थिएँ अहिले तिम्रो बजारको स्थिति के छ? भनेर सोधेको अहिले त क्रेता नै आउँदैन । पहिला म तीनटा खसी बेच्थैं । अहिले तीनटा खसी एक हप्तामा बेच्छु भनेर भन्यो । अर्थतन्त्र लयमा फर्कंदै गरेको भए आर्थिक परिसूचकहरू सकारात्मक हुँदै गएको भए यो स्थित बजारको हुँदैन थियो । त्यसो भएर यस्तो कुरा किन गरेको? मलाई यहाँ शंका लाग्यो । यो कतै गफाडीको गफमा त कतै सीमित हुँदैन?

अनि अब म धेरै यो कुरा म समय छैन । मैले थोरै कुरा चाहिँ भन्न पर्छ ।दिगो वन व्यवस्थापन गरेर नेपाली जनताको वन पैदावारको मागलाई परिपूर्ति गरिनेछ भनेर भनेको छ । त्यो सँगसँगै यो मलाई राम्रो लागेको छ । ठिक छ । तर यो सँगसँगै तल्लो पटि यो ४३ बुँदामा यो लेख्यो । बुँदा नम्बर ४४ मा चाहिँ के लेख्यो भन्दा ढलापडा रूखहरूलाई यसको आवश्यक प्रक्रिया पूरा गरेर दुई वर्षभित्रमा उपलब्ध गराउने, काठ वितरण गर्ने भनेर भन्यो । ढलापडा अलरेडी तयार हुन्छ । अहिले भर्खर वन कर्मचारीलाई पठाउनुहोस् । भोलि भर्खरै डेटा आउँछ । पर्सीदिखि बेच्न सुरु गर्नुहोस् । किन दुई वर्ष लगाउने वन व्यवस्थापन गर्ने कुरा चाहिँ नयाँ विधि हो । यो दुई पाँच वर्ष मात्रै लागेको छ । यो गर्नलाई चाहिँ अहिलेदेखि गर्न सकिन्छ रे अनि ढलापडा रूख चाहिँ दुई वर्ष लाग्छ रे के भन्या यो? यो मैले बुझिन। अलि बुझ्नि गरी आयो भनी राम्रो हुन्छ भन्ने लाग्छ ।

त्यसै गरी अर्को एउटा सन्दर्भ छ । रुग्ण र बन्द भएका उद्योगहरू सञ्चालन गर्ने, खुसी लाग्यो । म हेटौंडाको मान्छे । मेरो घरैको दैलोमा छ । कपडा उद्योग । कपडा उद्योग सञ्चालन गर्ने, गोरखकाली रबर उद्योग गर्ने त्यसपछि (एक मिनेट थपिदिनुहुन अनुरोध गर्छु अध्यक्षज्यू ।) अनि बुटवल धागो करखाना गर्ने भने पनि ठिक छ । तर सँगसँगै अर्को कुरा के गर्यो भने बन्द रुग्ण उद्योगहरूलाई उच्चस्तरिय समिति बनाएर व्यवस्थापन गर्ने भन्यो । के के गर्ने? त्यसलाई एकीकरण गर्ने खारेज गर्ने वा यसलाई अर्को व्यवस्थापन गर्ने समिति बनाएर

भन्यो । यहाँ मलाई शंका कहाँनिर लाग्यो भन्दा हाम्रा उद्योगहरू बन्द किन भए? रुग्ण किन भा' छन् । थाहा छैन । त्यसलाई समिति बनाउनै पर्दैन । हामीलाई थाहा छ । हेटौंडा सिमेन्ट उद्योग, उदयपुर सिमेन्ट उद्योग, विरगंज चिनी करखाना अहिले भर्खरै हाम्रो आवश्यकताको विषय हो । र यो यही कच्चा पदार्थ यही उत्पादन हुन्छ । बजारिकरण हुन सक्छ । यो उद्योग बन्द गर्ने उसो भएर मलाई आशंका के हो भने यसमा समिति बनाएर हिजो जस्तै गरी भृकुटी कागज कारखाना, हरिसिद्धि इटा टायल कारखाना जस्तै गरि बेच्न खोजिएको हो कि यो समिति बनाएर । त्यो बाटो पो खोजेको हो कि? आशंका लागेको छ । मेरो आशंका आशंकामा मात्रै सीमित रहोस् । सम्माननीय प्रधानमन्त्रीज्यू हुनुहुन्छ अध्यक्षको माध्यमबाट म अनुरोध गर्न चाहन्छु । मेरो आशंका आशंकामा मात्रै सीमित होस् । मुलुकले सकारात्मक बाटो पाओस् । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय मदन कुमारी शाह (गरिमा) । समय ५ मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

(१४:०४ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, तीन दिनदेखि हामी संुयुक्त सदनमा सम्माननीय राष्ट्रपतिज्यूबाट प्रस्तुत सरकारको नीति तथा कार्यक्रम २०८०/८१ माथि छलफल गरिरहेका छौं । यसमाथि छलफलको हामी सबैको एउटै उद्देश्य छ, समृद्ध सबल र न्यायपूर्ण मुलक निर्माण गर्न, संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन गर्न, स्वाधीन सबल र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण र राष्ट्रियताको रक्षा आदि गर्न कस्तो नीति लिने र के काम गर्ने? उद्देश्य समान भएपछि प्रस्तावित नीति तथा कार्यक्रममाथि छलफल गर्दा पक्ष र विपक्षभन्दा पनि राम्रो छ भने समर्थन गर्ने । कमी कमजोरी छन् भने उत्तम सुझाव दिने हो । तसर्थ हामी यही प्रक्रियामा रहेको कारणले मुलभूत रूपमा नीति तथा कार्यक्रमको समर्थन गर्दै आफ्ना केही सुझावहरू राख्न चाहान्छु ।

सम्माननीय अध्यक्षज्यू, गेटा मेडिकल विश्वविद्यालयसम्बन्धी विधेयक यसै अधिवेशनमा प्रस्तुत गरिने र यसै वर्ष अस्पताल सञ्चालन गरिने भनिएको छ । यसका लागि म सुदुरपश्चिमको तर्फबाट सरकारलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु । हरेक विद्यालयमा खेल शिक्षकको व्यवस्था गर्नु प्रशंसनिय छ । यसैगरी हाम्रो मौलिक तर हामीले महत्व नदिएको योग शिक्षालाई academic बनाउनुपर्छ । र त्यसका लागि कक्षा आठसम्म अनिवार्य योग बिषय पढाइनुपर्छ । र

हरेक विद्यालयमा एक योग शिक्षकको व्यवस्था गरिनुपर्दछ । योग शिक्षालाई एकेडेमिक बनायौं भने हाम्रा पुस्ताहरू मजदुर बनेर होइन गुरु, शिक्षक बनेर वैदेशिक रोजगारीमा जाने छन् ।

खेलकुदलाई राष्ट्रको पहिचान, गौरव र प्रतिष्ठा बनाउने माध्यमको रूपमा विकास गर्दै सफल खेलाडीलाई प्रोत्साहन र पुरस्कृत गर्ने काम राम्रो छ । तर हाम्रो राम्रो खेलाडी कसरी उत्पादन गर्ने भन्नेतिर सोँच्न जरुरी छ । त्यस प्रकारको नीति बनाउन आवश्यक छ। त्यसका लागि खेल एकेडेमीको स्थापना गरिनुपर्दछ । यसै सन्दर्भमा खेलकुदको नाममा कैलालीको टिकापुरमा रहेको २२ विगाह जमिनमा टिकापुर स्पोर्टस् एकेडेमीको स्थापना गर्न माग र सुझाव दिन चाहन्छु सरकारलाई ।

स्वास्थ्यको क्षेत्रमा आएको नीति कार्यक्रम राम्रो छ । जानकारीका लागि सुदुरपश्चिमको बैतडी जिल्ला अस्पताल उत्कृष्ट सेवाका लागि प्रथम भएको छ । बैतडी जिल्ला अस्पताल परिवार विशेष त्यहाँका काम गर्ने डक्टर, प्राविधिक कर्मचारीहरूलाई प्रोत्साहन र पुरस्कृत गर्न विशेष नीति बनाउन पनि सुझाव दिन चाहन्छु ।

कृषि र पर्यटन क्षेत्रको प्रवर्दन गर्ने नीति राम्रो छ । खप्तड क्षेत्रलाई पर्यटक जाने मुख्य गन्तब्य स्थलको रूपमा विकास गर्न र त्यो क्षेत्रमा व्यावसायिक जडीबुटी खेती गर्ने विशेष नीति तथा कार्यक्रम ल्याउन माग र सरकारलाई सुझाव दिन चाहन्छु ।

बन्द उद्योगहरू सञ्चालन गर्ने काम धेरै राम्रो छ । सरकारलाई धन्यवाद दिन चाहन्छु । खस संस्कृति र सभ्यताको उधम थलो जुम्लामा खस संग्राहलय निर्माण होस् भन्न चाहन्छु । टिकापुरमा रहेको टिकापुर बृहत उद्धान जहाँबाट राजा महेन्द्रले करिब एक महिना राज्य सञ्चालन गरेका थिए । त्यसलाई ऐतिहासिक सम्पदाको रूपमा संरक्षण र प्रवर्दन गरियोस् भन्न चाहन्छु ।

(१४:०७ बजे) **पुनःपीठासीन**:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**मानतीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- त्यसैगरी अटिजम बैद्धिक अपाङ्गता र पूर्णत् अरूमाथि आश्रित प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूका अभिभावक संरक्षक वा रेखदेख गर्नेलाई पेन्सनको व्यवस्था राज्यले गर्नुपर्छ भन्ने कुरा राख्न चाहन्छु । पूर्वपश्चिम राजमार्गलाई उन्नती गर्ने कामको निरन्तरता दिँदा अबको बजेटमा महेन्द्रनगरको गड्डा चौकीदेखि कैलालीको चिसापानी खण्डलाई स्तरोन्नती गर्न रकम छुट्याइयोस् भन्न चाहन्छु ।

ऊर्जाको क्षेत्रमा लिएका नीति तथा कार्यक्रम ठिक छन् । तर मेरो सरकारलाई गम्भीर प्रश्न छ । पश्चिम सेती र माथिल्लो कर्णाली कहिले बन्ने हो? दलित समुदाय र आर्थिक रूपले अतिविपन्न परिवारका लागि ठोस कार्यक्रम ल्याउन सुझाब दिए चाहन्छु । महिलाद्वारा गरिने घरेलु कामको गणना गरिने र त्यसलाई जिडिपिमा समिट्ने विषय फेरि पनि यो नीति तथा कार्यक्रमको कार्यक्रमले समेट्न सकेन । यो दुःखद छ । महिलाको श्रमको मूल्याङ्कन, मूल्याङ्कन होस् भन्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, सम्माननीय प्रधानमन्त्री भारत भ्रमणमा जाँदै हुन्छ भन्ने छ । त्यो अवसरमा नेपालको नक्सामा रहेको नक्साबमोजिम नेपालको भूभाग कायम गर्न ठोस वार्ता गर्न र त्यसलाई कार्यान्वयन गर्न माग र सुझाव दिन चाहन्छु ।

अन्तमा म फेरि पनि सम्माननीय अध्यक्षमार्फत प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु कि नेपालको स्वतन्त्रता सार्वभौमिकता कमजोर हुने कुनै निर्णय नहोस् । सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमण पञ्चशीलको आधारमा दुई देशको सम्बन्ध सुदृढ बनाउन सफल रहोस् भन्ने पनि शुभकामना दिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय श्री शेखर कुमार सिंह । समय ५ मिनेट । त्यसपछि माननीय अनिता देवकोटा ।

(१४:०९ बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी सरकारले ल्याएका नीति तथा कार्यक्रममा २०८०/०८१ मा हामी उभिएर केही कुरो गर्न लाग्या छौं । निश्चित रूपमा जुन पनि सरकारको एउटा नीति कार्यक्रम ल्याउन प्रथम दायित्वभित्रै पर्छ । त्यसलाई हामी सहज स्विकाछौं र यस कार्यक्रममा मैले उठान गरिरख्या धेरै कुरोहरू समावेश भएको नाताले म आफ्ना पार्टीका तर्फबाट लोसपा पार्टीको तर्फबाट यो नीति तथा कार्यक्रमले स्वागत गर्न चाहन्छु । समर्थन गर्न चाहन्छु ।

प्रथमपल्ट यस नीति तथा कार्यक्रममा म एउटा किसान भएको नाताले पनि कृषकको मूल्य सुनिश्चितता भो, त्यसको लागि अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु । त्यस्तैः हामी प्रतिवर्ष अबौं अरब रुपियाँका नदीजन्य वस्तुहरू खेर फालिराख्या थियौं तर यो नीति तथा कार्यक्रम उत्खनन गरेर त्यसलाई व्यवस्थापन गर्ने कार्यको सुनिश्चितता भो' त्यसको लागि पनि म सरकारलाई धन्यवाद दिन चाहन्छु अध्यक्षज्यूमार्फत । साथै ती नीति

तथा कार्यक्रममा आएका धेरै सन्तोषप्रद अवस्थामा हामी त विश्वास गर्ने व्यक्ति भएको नाताले हामी त सबै सरकारप्रति विश्वास गर्दै आ'को थिएँ । यस सरकारलाई पनि विश्वासको भावनाबाट हामी विश्वास गर्दै आ'को छु । मैले त्यो दिन पनि अर्थमन्त्रीज्यूलाई भन्नुपर्दा भनेकै थिएँ रोस्ट्रमबाट । अर्थमन्त्रीज्यू, नेपाल र नेपालीको अनुहार हेरेर त्यो तपाईं ल्याइदिनुभो' भने । यो निश्चित धेरै सुख दिन हुन्छ र त्यस्तै हाराहारीमा यो नीति तथा कार्यक्रम आएको लागि मैले वहाँलाई पनि धन्यवाद दिन चाहन्छु । ती नीति तथा कार्यक्रममा हुन सक्ला अब सायद बजेटमा समावेश होला तर मैले एउटा कुरो हेर्न पाए छैन । त्यो हो रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान ससरी । सम्माननीय अध्यक्षज्यूमार्फत अगर कतै कहाँ कतैबाट छुट्याहोला भने सम्माननीय प्रधानमन्त्रीजीलाई त्यसलाई निश्चित रूपमा समावेश गर्दिनुहुन्छ भन्ने म माग पनि राख्छु ।

सम्माननीय अध्यक्षज्यू, हामी कोशी पीडित जनता पनि छौं । यो नीति तथा कार्यक्रम पनि आइराख्या छ मुलुकमा कोशीबाट जे जे पीडित छु छु कोशीकै बगरमा बनाएको राष्ट्रिय निकुञ्ज जो कि खोलामै छ । त्यसबाट भएका जनावरहरू हामीलाई प्रतिवर्ष बाली नालीले क्षति पुराइराख्या छ । अर्को तिरबाट २०३४ सालमा जो सीमा तोक्या थियो । त्यो राष्ट्रिय निकुञ्जको त्यो बढ्दै बढ्दै बढ्दै अब फत्तेपुर सडक छुन लाग्या छ । बफरजोन भन्ने त परै जाओस् वाइल्डलाइट त्योपछि बफरजोन भएपछि अब के होला । त्यो ठेगाना छैन त्यसमा सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई म विशेष आग्रह गर्न चाहिराख्या छु । यो राष्ट्रिय निकुञ्जलाई त्यो २०३४ सालकै सीमा रेखाभित्र राखियोस् र यसमा विशेष पहल गर्दिनुहुन्छ भन्ने आशा राख्दै र हामीलाई शिक्षा, स्वास्थ्य सबै क्षेत्रमा छुएजस्तै समग्र विकास होस् । यति भन्दै म आफ्नो दुई शब्द यहीँ अन्त्य गर्छु र आफ्नो समर्थन जनाउँदै बिदा हुन्छु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय ६ मिनेट । यसपछि माननीय गंगा कुमारी वेलबासे ।

**(१४:१४ बजे) माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- बिरामी परे औषधि मूलो, दुहुनो एउटा गाई एकसरो नाना पेट भरी खाना बीपीको भनाइ पाउन कठिन भैसक्यो अब भ्रष्टाचार बढेर भ्रष्टाचारविरुद्ध एकजुट हौं । बीपीलाई सम्झेर । यहीं उद्घोषका साथ सम्माननीय अध्यक्षज्यू, नीति तथा कार्यक्रम २०८० मा भाग लिन चाहन्छु । यही जेठ ५ गते सम्माननीय

राष्ट्रपतिज्यूले नेपाल सरकारको तर्फबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो । १८८ बुँदामा रहेको यो नीति तथा कार्यक्रम अत्यन्त राम्रो छ भन्ने मलाई लागेको छ । यो अत्यन्त राम्रो कति बेला हुने छ भन्ने मलाई लाग्छ भने जतिखेरि नीति तथा कार्यक्रममा भएका कुराहरू बजेटका माध्यमबाट विनियोजन गरेर कार्यान्वयनमा सफल कार्यान्वयन र प्रभावकारी कार्यान्वयनका रूपमा अगाडि बढाउन सक्यौं भने यो नीति तथा कार्यक्रम सफल हुने छ र राम्रो उत्कृष्ट मानिने छ भन्ने मलाई लाग्छ ।

हामीले बजेटका प्राथमिकता र सिद्धान्तका आधारमा छलफल गर्यौं यो यो प्राथमिकता र सिद्धान्तहरू हुनुपर्छ । त्यहीअनुरूप नीति र कार्यक्रम आउनुपर्छ । नीति र कार्यक्रममा यहाँ सांसदहरूले उठाइरहेका कुराहरूमा सरकारको ध्यान केन्द्रित गरेर बजेट त्यतातर्फ केन्द्रित हुनुपर्छ भन्ने मलाई लाग्दछ । अहिले विषम् परिस्थितिमा हामी छौं कोभिड- १९ मुलुक आक्रान्त भयो । अन्तर्राष्ट्रिय परिवेश युक्रेन र रुसको युद्धबाट त्यसको प्रभाव पनि हामी नेपाली परेको छ । हाम्रो अर्थतन्त्र अत्यन्त धरासायी छ । यहाँ माननीयज्यूहरूको अत्यन्त चिन्ता आएको छ । चाहे सत्तापक्ष होस् चाहे प्रतिपक्ष होस् । नीति तथा कार्यक्रम राम्रो छ । यो कार्यान्वयन हुन सक्छ कि सक्दैन? अहिलेको अर्थ व्यवस्थाले यो धान्न सक्छ कि सक्दैन? भनेर अत्यन्त चिन्ताको कुराहरू आएको छ । किनभने युवाहरूलाई स्वरोजगारी स्वरोजगार गराउने कुराहरू छ । पाँच लाख युवाहरूलाई स्वदेशमै रोजगारी दिने कुराहरू छ । आयातलाई प्रतिस्थापन गरेर निर्यातलाई प्रोत्साहन बढाउने कुराहरू छन् । रुग्ण उद्योगहरूलाई उठाएर यहाँ औद्योगीकरणहरू गर्ने रुग्ण उद्योगहरूको पुनर्उत्थान गर्ने कुरा पनि यो नीति तथा कार्यक्रममा छ । त्यति मात्रै होइन हामी लामो सशस्त्र द्वन्द्वबाट अलि शान्ति प्रक्रियामा आएका छौं । शान्ति प्रक्रिया आउँदै गर्दा सङ्क्रमणकालीन न्याय यो शान्तिलाई पूर्णता दिने काम अझै टुङ्गोमा पुगेको छैन । यो टुङ्गोमा पुगाउने कुराहरू पनि यो नीति तथा कार्यक्रममा समावेश भएको छ । हामी कृषि हाम्रो अर्थतन्त्रको आधारशीला हो । जबसम्म कृषिलाई प्राथमिकता दिन सक्दैनौं । रसायनिक मल, बिउ बिजनहरूलाई प्रोत्साहित गर्न सक्दैनौं । तबसम्म उत्पादकत्व वृद्धि गर्न सकिँदैन । उत्पादकत्व वृद्धि गर्न सकेन भने आयातलाई हामी प्रतिस्थापन गर्न सक्दैनौ त्यसैले कृषिलाई प्राथमिकता दिनुपर्छ भन्ने कुराहरू पनि यो नीति तथा कार्यक्रममा आएको छ । सँगसँगै स्वास्थ्य हाम्रा आधारभूत आवश्यकता हो । शिक्षा हाम्रो आधारभूत आवश्यकता हो । सबै वर्ग शिक्षा, स्वास्थ्य राज्यबाट प्राप्त गर्ने स्रोत साधनमा पहुँच हुनुपर्छ भन्ने यो नीति तथा कार्यक्रममा छ । म नीति निवेदन गर्न चाहन्छु । यहाँ प्रधानमन्त्रीजी स्वयम् उपस्थिति हुनुहुन्छ । हाम्रो संविधानमा संघीय कानुनहरू निर्माण गर्नुपर्ने १९२ ठाउँमा त्यहाँ लिपिबद्ध रहेको संविधानमा

छ । २५ ओटा कानुनहरू प्रदेशले निर्माण गर्नुपर्ने छ । ६ ओटा कानुनहरू स्थानीय तहले निर्माण गर्नुपर्ने छ । हामी संविधान निर्माण गरेको यति लामो समय आइसक्दा पनि हामीले संविधानमा प्रदत्त गरेको विशेष अधिकारका कुरा महिलाका अधिकारका कुरा दलितका अधिकारका कुरा विशेष संरक्षणका कुराहरू पनि मौलिक हकमा भएक कुराहरू पनि अझै कानुन बनाएर कार्यान्वयनको पक्ष हामी आउन सकेका छैनौं । त्यसैले अब यो नीति तथा कार्यक्रमलाई त्यतातर्फ पनि इङ्गित गर्नुपर्छ भन्ने मलाई लागेको छ । हामीले अहिले राष्ट्रिय सभामा यसलाई प्राथमिकीकरण गरेर कति एक वर्षमा कतिओटा कानुन बनाउने अनि दुई वर्षमा कतिओटा कानुन बनाउने तीन वर्षमा कतिओटा कानुन बनाउने भनेर हामीले वर्गीकरण गरिसकेका छौं । त्यसैले म आग्रह गर्न चाहन्छु । नागरिकतासम्बन्धी कानुन २०६३ रहे तापनि संविधान अनुकूल छैन । अहिले पनि कैयौं । छोरीहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्नुभएको छैन । आमा सत्य हो । बाबु विश्वास हो । यो तेरो बा हो भनेर देखायो भने बा हुने हो तर आमाको नामबाट पनि अझै नागरिकता प्राप्त गर्ने कुराहरू छैन । यो चाडोभन्दा चाडो आउनुपर्छ भन्ने मलाई लाग्दछ ।

त्यसै गरी यहाँ संघीय शिक्षा कानुन २०२८ लाई पनि संविधान अनुकूल बनाउनुपर्छ, त्यसै गरेर जनस्वास्थ्यसम्बन्धी कानुन, एकीकृत संघीयताअनुकूल बनाउनुपर्छ भन्ने मलाई लाग्छ । प्रहरी ऐन पुरानो छ । २०१२ को छ । यसलाई पनि संविधान अनुकूल संघीयता अनुकूल बनाउनुपर्छ । त्यसै गरी निजामती कानुन संघीयताअनुरूप बनाउनुपर्छ भन्ने मलाई लाग्दछ ।

र म अन्त्यमा म के भन्न चाहन्छु भने सम्माननीय प्रधानमन्त्रीज्यू राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान सुशिल कोइरालाको सपना हो । अहिले त्यो राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बजेटको अभावले त्यहाँ भौतिक पूर्वाधारहरू निर्माण र पठनपाठनका कुराहरू सञ्चालन हुन आएका छैनन् । त्यसैले त्यतातर्फ यो संविधान पिता सुशिल कोइरालाको सपना हो भन्ने कुरा यो बजेटले आउने बजेटले त्यतातिर मुखरित हुने छ भन्ने विश्वासका साथ पहेंलो बत्ती बलिसकेको छ । नीति तथा कार्यक्रम कार्यान्वयन प्रभावकारी भयो भने त्यतिखेर पूर्ण सफल भएको मानिने छ भन्ने विश्वासका साथ यो कार्यान्वयन सफल रूपमा हुने छ भन्ने विश्वासका साथ बिदा हुन्छ धन्यवाद । जय नेपाल ।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय गंगा कुमारी वेलबासे । समय ७ मिनेट ।

(१४:२१ बजे) **माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, महामहिम राष्ट्रपतिज्यूले संयुक्त सदनलाई सम्बोधन गर्दै राखुभएको नीति कार्यक्रम मूल रूपमा सही र समय सान्दर्भिक छ । विपक्ष दलका नेताले राखुभएको थियो । यो कपी गरिएको छ । पुरानै छ र यहाँ धेरै कार्यक्रम हटाइएको छ । र नयाँ कार्यक्रमहरू केही ल्याइएको छ । थोरै एक पेजको दुई पेजको केही थपेको भए हुन्थ्यो । पुरानै पेस्ट गर्नुभएको भए हुन्थ्यो भन्ने कुरा राखुभएको थियो । सायद यस्तो कहिले भएको पनि छैन र अब पनि हुँदैन होला । वहाँले भनेजस्तो नयाँ आर्थिक वर्षमा नयाँ नीति र कार्यक्रम आउँछन् र नयाँ नीति र कार्यक्रम समय सान्दर्भिक छ कि छैन त्यसमा महत्त्वाकाङ्क्षी योजना मात्रै राखिएको छ कि गर्न सक्ने किसिमले ठोस् योजना ल्याइएको छ भन्ने कुरा प्रमुख कुरा हो भन्ने मलाई लाग्छ ।

यो नीति र कार्यक्रममा सबैभन्दा पहिले म यसको पक्षमा जान चाहन्छु कि यो विपन्न नागरिकलाई राहातको कुरा गरिएको छ यसमा विभिन्न बजेटमा विभिन्न मन्त्रालयअन्तर्गत ती विपन्न दलित, गरिबहरूलाई सम्बोधन गरिने छ भन्ने मैले विश्वास राखेको छु । अहिलेको अवस्था मौद्रिक वित्तीय मौद्रिक तथा अन्य विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरूको सामाम्जस्यपूर्ण तरिकाले कार्यान्वयन गरी समष्टिगत आर्थिक स्थायित्व कायम गरिने छ भनेर ल्याइएको छ । अर्थतन्त्रमा आएको तरलता शङ्कुचन उच्च ब्याज दर मूल्य वृद्धि, न्यून पूँजीगत खर्च घट्दो राजस्व परिचालन तथा बाह्य क्षेत्र सन्तुलनमा परेको चापलाई सम्बोधन गरिने छ भनेर भनिएको छ ।

त्यस्तै असान्दर्भिक दोहोरोपन भएका उद्देश्यअनुसार सञ्चालन हुन नसकेका सरकारी कार्यालय, सरकारी संस्थान विकास समिति तथा कोषलाई गाब्ने वा खारेज गर्ने नीति लिइने छ भनिएको छ । यो समय सान्दर्भिक छ ।गर्नुपर्ने थियो र अहिले सरकारले ल्याएको छ । अन्तर्राष्ट्रिय विकास सहायता परिचालनलाई राष्ट्रिय गौरवको गौरव रणनीति रूपान्तरणकारी क्षेत्रमा लगानी गरिने छ । उच्च प्रतिफलयुक्त आयोजनाहरूमा सञ्चालन गरिने छ । लगानी गरिने छ भनिएको छ । पूर्व तयारी भएका योजनाहरूमा मात्र बजेट व्यवस्था गरिने छ भनेर भनिएको छ ।

राष्ट्रिय योजना आयोगलाई पुनर्संरचना गरी नीति योजना अनुसन्धानमा केन्द्रित निकायका रूपमा विकास गरिने कुरा ठिक छ । विश्वविद्यालयबाट अध्ययन अनुसन्धानलाई अगाडि बढाइने छ भनेर भनिएको छ । हरेक क्षेत्रमा अनुसन्धानको पाटो हाम्रो कमजोर रहेको छ । अध्ययन अनुसन्धान गरेर मात्रै हामीले थप कार्यक्रमहरू लैजान सक्ने कुरामा विश्वविद्यालयलाई प्रयोग गर्ने

कुरा ठिक छ । कृषि कर्जा कार्यक्रमलाई पुनरावलोकन गरी उचित तरिका उचित क्षेत्रमा लगानी गर्ने कुरा ठिक छ । कृषि हिमालको पानी संसारभरि वितरण गर्ने कुरा सरकारले ल्याएको छ । व्यापार गर्ने कुरा गरेको छ नेपालको खानेपानीलाई यो ठिक छ र तिलगंगाको आँखा अस्पतालबाट उत्पादित लेन्सलाई विश्व बजारमा ब्रान्डिङ गरिने छ कुरा ठिक छ । विद्युत् उत्पादन वितरण र प्रयोगलाई व्यवस्थित गर्ने नीति लिइने कुरा ठिक छ । कृषि कर्जा कार्यक्रमलाई सरकारले पुनरावलोकन गर्ने नीति ठिक छ । कृषि कर्जा उत्पादनका क्षेत्रमा दिनपर्छ भन्ने मैले अगाडि पनि यो मञ्चबाट यो सदनमा उठाएको थिएँ । उत्पादित वस्तुको मूल्यमा दिनुपर्छ । उत्पादनका साधनमा दिनुपर्छ । र सामूहिकता तालिम र कृषि क्षेत्रमा बिचौलियाहरूलाई हटाउन नीति लिनुपर्छ भन्ने मलाई लाग्दछ । २० प्रतिशत महङ्गो भए पनि स्वदेशी उत्पादनमा निर्भर हुन अथवा स्वदेशी उत्पादन उपभोग गर्नका लागि प्रोत्साहन गर्ने कुरा ठिक छ । मलाई लाग्छ यो २० प्रतिशतसम्म भनेको केही वस्तुमा होला हामी सस्तोभन्दा सस्तो उत्पादनमा रमाउने छौं र उपभोग गर्ने छौं भन्ने मलाई लाग्दछ । विपन्न वर्गलाई निःशुल्क दिने सहुलियतको कुरा विद्युत्हरूमा छ र विभिन्न मन्त्रालयले विभिन्न क्षेत्रमा पनि दिने छ भन्ने मैले आशा राखेको छु । सरकारले बन्द भएका उद्योगधन्दा खोल्ने कुरा गरेको छ । यो एकदम सही छ ।

त्यस्तै गरेर कृषि औजार उद्योग अहिले चालु भैराखेको छ । यो अघिल्लो वर्षको नीतिअनुसार चलिराखेको छ र यसै गरेर कागज उत्पादन र विराटनगर जुट मिललाई पनि सरकारले उत्पादन गर्ने र पुनः सञ्चालन गर्ने नीति लिनुपर्छ भन्ने मलाई लाग्दछ । जुट अहिले कृषि क्षेत्रमा निकै प्रयोग हुन्छ रसीको रूपमा डोरीको रूपमा यसलाई उत्पादन गर्नलाई हामीसँगै कच्चा पदार्थ छ । त्यसैले फेरि अघि बढाउन पर्छ भन्ने मेरो माग रहेको छ । यस्तै गरेर वैदेशिक रोजगारीबाट फर्केका श्रमयुक्त जनशक्तिलाई स्वरोजगार र उत्पादनको क्षेत्रमा लगाउनुपर्दछ । र नयाँ उत्पादन हुने जनशक्तिलाई रोजगारउन्मुख बनाएर लैजानुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु ।

शिक्षालाई रोजगारीसँग जोड्न अहिलेदेखि नै सरकारले नीति लिनुपर्छ र शिक्षा ऐन पास गरेर पुरानो शिक्षा ऐनलाई खारेज गर्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु । यस्तै गरेर माडी राष्ट्रिय निकुञ्जबाट चारै तिरबाट घेरिएको छ । त्यसलाई विशेष सहुलियत दिन सरकारले नीति लिनुपर्दछ । त्यहाँको बस्तीलाई त्यहाँ बस्ने बासिन्दाहरूलाई प्याकेजमा सरकारले व्यवस्था गरोस् । आर्थिक व्यवस्था गरोस् र त्यहाँ तालिमहरूको व्यवस्था र उत्पादनमा व्यवस्था गरोस् भन्ने म कुराहरू राख्न चाहन्छु । यस्तै गरेर राष्ट्रिय स्वाधिनता र कहिले झुक्दै नझुक्ने सिर सधैं

उँचो रहोस् । र हामी संसारमा नेपाली भएर बाँच्न पाऊँ भन्ने कुराहरू राख्दै मेरो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु । हस् धन्यवाद ।

(१४:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट संवत् २०८० साल जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठक गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/०८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म उक्त छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूका सम्बन्धमा जवाफ दिन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई समय उपलब्ध गराउँछु ।

(१४:२९ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूबाट यही ०८० जेठ ५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत भएको नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा भएको छलफलमा माननीय सदस्यहरूले राखुभएका धारणा जिज्ञासा संशोधन प्रस्ताव र सुझावका विषयमा नेपाल सरकारको दृष्टिकोण तथा धारणा राख्न म तपाईंहरूको अगाडि उपस्थित भएको छु ।

सबभन्दा पहिला त म संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि नेपाल सरकारको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

नेपाल सरकारको आगामी वर्षको नीति तथा कार्यक्रमको छलफलको क्रममा माननीय सदस्यहरूद्वे राखुभएका विभिन्न विचार तथा रचनात्मक सुझावका लागि म सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

छलफलका क्रममा उठाइएका विषयहरू र प्रस्तुत गरिएका संशोधन प्रस्तावहरूप्रति सरकारको ध्यान आकर्षण भएको छ । नीति र कार्यक्रमको कार्यान्वयनमा माननीय सदस्यहरूबाट प्राप्त सुझावहरूले सरकारलाई थप मार्गदर्शन प्रदान गर्ने विश्वास पनि मैले लिएको छु । माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूलाई उपलब्ध साधन स्रोतको सीमा भित्र रही

प्राथमिकीकरण गर्ने र सरकारले आगामी दिनमा क्रमशः सम्बोधन गर्दै जाने छ भन्ने विश्वास पनि म व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रमले देशका सामु विद्यमान चुनौतीको समाधान गर्दै सुशासन सामाजिक न्याय र समृद्धिको राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने उद्देश्य लिएको छ । यस नीति तथा कार्यक्रममा आर्थिक सामाजिक रूपान्तरणका नवीन सोच र कार्यक्रमहरू समेटिएका छन् । निश्चय पनि यस दस्तावेजमा विगतदेखि कार्यान्वयन र सञ्चालन हुँदै आएका राम्रा नीति तथा कार्यक्रमलाई निरन्तरता पनि दिइएको छ । त्यसकै आधारमा मात्रै यसलाई परम्परागत भन्ने हलुका टीप्पणी गर्नु मेरो विचारमा तर्क सङ्गत हुँदैन । किनकि यो नीति कार्यक्रममा थुप्रै नयाँ कार्यक्रमहरू पनि समावेश गरिएको छ । जो आजको देशको आवश्यकतासँग सम्बन्धित छन् र दस्तावेजमा सबै विषयहरू त समेट्न सम्भव हुँदैन । व्यवहारिक रूपमा सम्भव पनि देखिन्न । म कार्यक्रमबारेमा माननीय सदस्यहरूको अगाडि विषय राख्दै गर्दा योपटकको केही मौलिक विशेषताबारे म यहाँहरू सबैको ध्यान आकर्षण गर्न चाहन्छु । यथार्थमा यो नीति कार्यक्रम तयार पार्दै गर्दा हामीले दुइटा गठबन्धन म प्रधानमन्त्री भएपछि बने पहिलो गठबन्धन । दोस्रो गठबन्धन । पहिलो गठबन्धनको सैद्धान्तिक प्राथमिकता र साझा न्यूनतम कार्यक्रम भनेर हामीले घोषणा गरिएको थियो त्यसलाई । र दोस्रो गठबन्धनले फेरि त्यही पहिलो गठबन्धनका साझा नीति कार्यक्रमसमेतलाई ध्यानमा राखेर अर्को साझा कार्यक्रम तयार पार्‍यो । त्यसकारण वस्तुतः र यथार्थमा भन्ने हो भने हामी सबैले सैद्धान्तिक, राजनीतिक र नैतिक धरातलमा उभिएर भन्ने हो भने यो नीति कार्यक्रम हामी सबैको राष्ट्रिय सहमतिको नीति कार्यक्रम बन्न गएको छ ।

सम्माननीय सभा अध्यक्ष महोदय, यो एउटा मौलिक विशेषता दुर्लभ भेटिन्छ । सधैं यस्तो हुँदैन । हामी अहिले सत्तापक्ष र प्रतिपक्षमा त छौं । तर एउटा यस्तो विशिष्ट चरित्रसहित यस्तो पृष्ठ भूमिसहित छौं हामी कि हामीले साझा नीति कार्यक्रम सामूहिक रूपले निर्माण गर्‍यौं र त्यसैको जगमा यो साझा क्यारे यो सरकारको नीति तथा कार्यक्रम बनेको हुनाले इक्सट्रिम गएर यसको विरोध गर्ने पनि सैद्धान्तिक धरातल, नैतिक धरातल म चाहिँ देख्दिनँ र इक्सट्रिम गएर समर्थन गर्नुपर्ने पनि छैन । यो बडो सोचे विचारेको सबैको बुद्धि विवेक प्रयोग भएको हिजो प्रतिपक्षमा रहेकाको पनि हिजो सत्तापक्षमा रहेकाको पनि आज प्रतिपक्षमा रहेकाको पनि आज सत्तापक्षमा रहेकाको पनि विचारहरू, धारणाहरू सैद्धान्तिक प्रतिबद्धताहरू र साझा न्यूनतम कार्यक्रमहरू यसमा समेटिएका छन् । यो मौलिक विशेषतालाई हामी सबैले ध्यान दिन जरुरी छ भनेर प्रारम्भमै ध्यान आकर्षण गर्न चाहन्छु । यो एउटा विशेषता भयो । अर्को एउटा विशेषता पनि मौलिक छ । किनभने अघिल्लोपटक सत्तापक्ष र प्रतिपक्ष दुवैले समर्थन गरेको प्रधानमन्त्री

हुँ म चाहिँ । यस्तो प्रधानमन्त्री पनि सितिमिति भेटिँदैन । नेपालको इतिहासमा मौलिक भेटिएको छ । ९९ पोइन्ट ९ कि कति २५ दुई पाँचले समर्थन गरेको भनेको सत प्रतिशत प्रतिनिधि सभाका सदस्यले समर्थन गरेर बनेको प्रधानमन्त्री हिजो सत्तापक्ष प्रतिपक्ष दुइटै र अहिले त्यही कार्यक्रमलाई निरन्तरता दिने उही मान्छे प्रधानमन्त्री । म के सम्झिन्छु भने मैले पहिलोपटक सदनमा आफ्नो तर्फबाट प्रधानमन्त्रीको हैसियतले केही विचार धारणाहरू प्रस्तावित गर्दैगर्दा अहिले प्रतिपक्ष दलको नेताले ती भनाइहरूलाई हिस्टोरिकल एक्सिलेन्ट दुइटा शब्दले मलाई उठेर हात मिलाउनुभएको थियो । तपाईंहरूले पनि देख्नुभयोहोला सायद टीभीमा त्यो देखिन्छ अहिले पनि हिस्टोरिक र एक्सिलेन्ट ऐतिहासिक छ । तपाईंको प्रस्तुति र प्रस्तावहरू एक्सिलेन्ट छ भनेको धेरै सानदार छन् । म त्यही मान्छे हुँ । त्यसकारण यो विशेषता पनि नेपालको संसदीय इतिहासमा दुर्लभ कहिले काहीँ मात्रै भेटिने । विशेषता हो । त्यसकारण यो कुरालाई ध्यान दिएर । हामी सबैले यो सरकारको नीति कार्यक्रमबारे धारणा बनाउनुपर्ने आफ्ना मतहरू प्रस्तुत गर्नुपर्ने आवश्यकता छ भन्ने म ठान्छु । मलाई विश्वास छ मैले भन्न खोजेको कुरा सभामुख महोदय, सबै माननीय सदुस्यहरूले पनि मनन गर्नुहुने छ । चिन्तन गर्नुहुने छ ।

नयाँ निर्वाचनमार्फत । ताजा जनादेशसहित गठित संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रमलाई केन्द्रविन्दुमा राखेर तयार भएको यस नीति तथा कार्यक्रमले कार्यान्वनय पक्षलाई जोड दिएको छ । म ती सबै माननीय सदस्यहरूलाई विशेष रूपले धन्यवाद भन्न चाहन्छु । यसले यो नीति कार्यक्रम त धेरै कुरा समेटिएको छ राम्रो पनि छ तर चुनौती चाहिँ कार्यान्वयन हुन्छ त भन्ने चुनौतीको कुरा गर्नुभएको छ । सबैलाई धन्यवाद भन्न चाहन्छु र हामी सबैको साझा प्रयासबाट त्यो कार्यान्वयनलाई प्रभावकारी बनाउन पर्ने छ र त्यो सम्भव छ । म त्यसको निम्ति अपिल गर्न चाहन्छु ।

यो नीति कार्यक्रममा हाम्रो राष्ट्रिय आकाङ्क्षा स्पष्ट रूपमा प्रतिविम्बित भएको छ । यसमा राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता स्वतन्त्रता तथा स्वाधिनता एवम् राष्ट्रिय हितको संरक्षण गर्दै समृद्ध, सबल र न्यायपूर्ण नेपाल निर्माण गर्ने सर्वोपरि लक्ष्य हासिल गर्ने दृढ सङ्कल्पका साथ कार्यक्रमहरू अघि सारिएका छन् । प्रस्तुत नीति तथा कार्यक्रमले संघीयताको सुदृढीकरण, अर्थतन्त्रको संरचनात्मक सुधार र पुनर्उत्थान कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण, औद्योगिक क्षेत्रको प्रवर्धन उत्पदान र रोजगारी वृद्धि आयात व्यवस्थापन र निर्यात प्रवर्धन विकास निर्माण कार्यको निर्धारित लागत र समयमा सम्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्यलगायतका सार्वजनिक सेवाहरूको पहुँच र गुणस्तरीयता अभिवृद्धि शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण सामाजिक न्याय र शान्ति सुरक्षा कायम गर्नेलगायतका विषयलाई विशेष

जोड दिएर सम्बोधन गरिएको छ । त्यसमध्ये पनि यहाँहरूले पक्कै नोट गर्नुभएको होला । यो नीति कार्यक्रमहरूको चुरो कुरा क्रस अफ द म्याटर भन्ने हो भने उत्पादन वृद्धि र रोजगारी सृष्टि यसको चाहिँ अन्तरमा त्यो निहित रहेको छ । त्यसको निष्कर्ष पनि त्यही छ । कसरी उत्पादन वृद्धि गर्ने कसरी बढीभन्दा बढी रोजगारी सृष्टि गर्ने कुरामा ।

नेपाली जनताको दशकौंको सङ्घर्षबाट हासिल भएको संघीय, लोकतान्त्रिक, गणतन्त्र, समाजवादी उन्मुख अर्थतन्त्र र समावेशी शासन प्रणाली संस्थागत गर्ने ध्येय का साथ प्रस्तुत भएको यस कार्यक्रम गन्तव्यहीन छ भन्नु विलकुल तर्क सङ्गत छैन । नीति तथा कार्यक्रमको सरकारको सोच लक्ष्य र गन्तव्य मेरो विचारमा बडो प्रष्टसँग आएको छ । सरकारका प्रमुख नीतिगत प्राथमिकताका विषयलाई समेटिएको छ । अत यो नीति कार्यक्रममा दीर्घकालीन सोच मात्र होइन । त्यसलाई व्यवहारमा उतार्न अवलम्बन गरिने प्रमुख प्राथमिकता र रणनीतिहरू पनि स्पष्टसँग परिभाषित गरिएका छन् ।

विभिन्न आन्तरिक तथा बाह्य कारणहरूसमेतले गर्दा अर्थतन्त्र अझै चुनौतीका बिचबाट गुज्रिरहेको सन्दर्भमा धेरै महत्त्वाकाङ्क्षा भएर नीति तथा कार्यक्रम ल्याउन व्यवहारिक हुँदैन थियो । कार्यान्वयनयोग्य विषयलाई उच्च प्राथमिकता त्यसकारण दिइएको छ । सरकारले आगामी आर्थिक वर्षमा जे जति गर्न सक्छ यस कुरालाई आधार बनाएर प्रस्तुत नीति कार्यक्रम तयार गरिएको । अतः यो नीति कार्यक्रम कल्पनाको पुलिन्दा होइन । कार्यान्वयनयोग्य र प्राथमिकता दिइएका विषयहरूको सूची र सहिता पनि हो । यसको प्रभावकारी कार्यान्वयन गर्न सरकार पूर्ण प्रतिबद्धता रहेको जानकारी म गराउन चाहन्छु ।

विभिन्न राजनीतिक दर्शन बोकेका हामीबिच फरक फरक सोच दृष्टिकोणहरू छन् । जुन स्वाभाविक पनि हो । तर राष्ट्रको रूपान्तरण समृद्धि र जनताको जीवनस्तरमा सुधार गर्ने जस्ता अहम् सवालमा हामी सबै एकै ठाउँमा उभिएका छौं र एकै ठाउँमा उभिनु पनि पर्दछ । अहिले देशमा जुन ऐतिहासिक महत्त्वको निकै दुर्गामी महत्त्वको राजनीतिक परिवर्तन भएको छ । त्यो हाम्रो राष्ट्रिय सहमतिको बलमा नै प्राप्त भएको हो र यो देशलाई सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ युगतिर डोऱ्याउने कुरा पनि त्यस्तै वृहत्तर राष्ट्रिय सोच सहमतिको सोच र एकताको सोचबाट मात्र सम्भव छ र यही कुरालाई यही नीति कार्यक्रमले प्रस्तुत गर्ने जमर्को गरेको छ विषयवस्तुको गाम्भीर्यता र महत्त्वका आधारमा वस्तुपरक ढङ्गबाट विश्लेषण गर्ने संस्कृतिको विकास गर्न सके मात्र हामी राष्ट्रिय मुद्दाहरूमा एउटै भावना र एउटै दृष्टिकोणका साथ प्रस्तुत हुन सक्दछौं ।

यसमा उल्लेखित विषय सम्बन्धित मन्त्रालयको वार्षिक कार्यक्रममा समावेश गरी नतिजासहितको कार्य योजना तयार गरी कार्यान्वयन गरिने बेहोरा सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु । नीति तथा कार्यक्रमले प्रमुख विषयलाई सम्बोधन गर्ने र अन्य विस्तृत कार्यक्रमहरू बजेटमार्फत सम्बोधन हुने हाम्रो विगतदेखिको अभ्यासको आधारमा प्रस्तुत नीति कार्यक्रम पेस गरिएको कुरा पनि म स्पष्ट गर्न चाहन्छु । माननीय सदस्यहरूले धेरैले उठाउनुभएको यी विषयहरूलाई बजेटले पनि सम्बोधन गर्नुपर्दछ र यसमा कतिपय छुटेका छन् भने ती विषयहरू पनि बजेटमार्फत सम्बोधन हुनुपर्दछ भन्ने कुरामा मेरो गम्भीर रूपले ध्यान आकर्षित भएको छ र त्यसको कोसिस गरिने विश्वास पनि म दिलाउन चाहन्छु ।

संघीय लोकतान्त्रिक, गणतन्त्र शासन व्यवस्थाको सुदृढीकरण गर्दै आम नेपाली जनताको जीवनस्तरलाईमाथि उकासन सघाउ पुऱ्याउने गरी आगामी आर्थिक वर्षको नीति कार्यक्रमहरू प्रस्थावित गरिएका हुन् । प्रस्तुत नीति कार्यक्रममा सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धलाई परिपूरक सुदृढ बनाउँदै संघीयता कार्यान्वयनमार्फत लोकतन्त्रको सुदृढीकरण समावेशीकरण सामाजिक सुरक्षा र लोक कल्याणकारी कार्यलाई स्थानीयस्तरसम्म पुऱ्याइ राज्य संयन्त्रहरूमा सबै नागरिकहरूको सम्मान र सहज पहुँच पुऱ्याउने नीति लिइएको छ । आगामी दिनमा तीन तहमा रहेको कामको दोहोरोपन र अधिकारको प्रयोगमा रहेको द्विविधालाई सम्बोधन गर्न आवश्यक नीतिगत र कानुनी सुधार गर्ने विषयमा जोड दिइएको छ । यो सम्बन्धमा संविधान तथा कानुनमा भएका तर निष्क्रिय प्रायः अवस्थामा रहेका विभिन्न संयन्त्रहरूलाई क्रियाशील तुल्याइने व्यवस्था नीतिमा उल्लेख गरिएको छ । वित्तीय संघीयतालाई प्रभावकारी बनाउँदै वित्तीय हस्तान्तरणलाई कार्य सम्पादनसँग आबद्ध गर्ने विषय पनि कार्यक्रममा समेटिएको छ ।

कोभिड- १९ महामारीको क्रमशः मुक्त हुँदै गएको देशको अर्थतन्त्र र सामाजिक क्रियाकलाप पनि क्रमशः सामान्य हुँदै गएको अवस्थामा रुस युक्रेनबिचको युद्ध र त्यसबाट सृजित प्रतिकूलताले अर्थतन्त्रलाई सन्तुलनमा राख्न पुनः केही जटिलता निम्त्याएको कुरा हामी सबैलाई जानकारीमा नै छ । इन्धन, खाद्यान्नलगायतका वस्तुको अन्तर्राष्ट्रियस्तरमै भएको अप्रत्यासित मूल्य वृद्धि र आपूर्ति शृङ्खलामा उत्पन्न असहजता यसका ज्वालान्त उदाहरणहरू हुन । अहिले विश्व अर्थतन्त्र नै मन्दीतिर अगाडि बढिरहेको सन्दर्भ पनि यस क्रममा विचारणीय छ । अर्थतन्त्रका विभिन्न चुनौतीहरूलाई सम्बोधन गर्न आर्थिक पुनर्उत्थान र पुनः सबलीकारणका कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ । अर्थतन्त्रको पुनः

संरचनालाई उच्च प्राथमिकतामा राख्दै विशेष गरेर कृषि, उद्योग तथा सेवा क्षेत्रलाई सन्तुलित तवरले अगाडि बढाउने कुरालाई जोड दिइएको छ । उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा रोजगारी सिर्जना गरी स्वाभलम्बी अर्थतन्त्र निर्माण गर्ने सोच यस कार्यक्रमको चुरो कुरा रहेको छ । यस कार्यक्रमको आत्म भन्न सकिन्छ ।

प्रस्तुत नीति तथा कार्यक्रमले वित्तीय मौद्रिक तथा अन्य विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरूको सामाञ्जस्यपूर्ण तरिकाले कार्यान्वयन गरी सम्ष्टिगत आर्थिक स्थायित्व कायम गर्न जोड दिइएको छ । नीति तथा कार्यक्रमको कार्यान्वनयमा मानव विकास सूचकाङ्कमा पछि परेका कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेस प्रदेशलाई विशेष प्राथमिकतामा राखी तदनुरूप

स्रोत साधनलाई परिचालन गर्ने कुरालाई महत्त्वको साथ उल्लेख गरिएको छ । माननीय सदस्यहरूले मधेसलाई अलि विभेद गरिएको हो कि? भनेको कुरा नीति कार्यक्रमका सन्दर्भमा सत्य होइन । सुदूरपश्चिम, कर्णाली र मधेस तीनटा प्रदेशलाई विशेष प्रदेशको रूपमा राखेर अब बजेट निर्माण गर्दा साधन स्रोतको वितरण गर्दा त्यसैको आधारमा गरिने विश्वास म दिलाउन चाहन्छु ।

राष्ट्रिय आयको वितरणलाई समन्यायिक बनाउने कुरालाई जडो दिइएको छ । यसमा दिगो विकासका लक्ष्यहरूको मूल मर्म कोही पनि पछि नछुटुन यिनलाई पूर्ण रूपमा आत्मसाथ गरिएको छ । दीर्घकालीन महत्त्वका नीति कार्यक्रममा ठुलो बहुवर्षीय आयोजनाहरू एउटा सरकारको कार्यकालमा सुरु भए तापनि सरकारको निरन्तरताको सिद्धान्तअनुसार अर्को सरकारले त्यसको स्वामित्व लिएर अगाडि बढाउनुपर्ने हुन्छ नै यस्ता विषयमा राजनीतिक आग्रह या पूर्वाग्रह राखेर हटाउने वा कटौती गर्ने भन्ने प्रश्न उठ्नै सक्दैन । राष्ट्रको स्रोत खर्चेर कार्यान्वयन गरिने विकास आयोजनाहरूलाई कुनै राजनीतिक दल वा व्यक्ति विशेषसँग मात्र आबद्ध गरेर हेर्ने मिल्दैन पनि ती राष्ट्रका आयोजना र कार्यक्रम हुन् त्यसैले विगतदेखि सञ्चालित राष्ट्रपति वा प्रधानमन्त्रीका नामसँग जोडिएका कृषि, शिक्षा, स्वास्थ्य, महिला तथा रोजगारी क्षेत्रका कार्यक्रमलाई निरन्तरता दिइएको र तिनलाई अझ केन्द्रित र परिणाममुखी र प्रभावकारी बनाउने संरचनाको खोजी भैराखेको कुरा पनि म जानकारी गराउन चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रमले मूलतः राष्ट्रिय महत्त्वका देशलाई दीर्घकालीन रूपमा प्रभावित गर्ने विषयहरूलाई प्राथमिकताका साथ समेट्ने प्रयास गरेको छ । विगतदेखि सञ्चालनमा रहेका बहुवर्षीय र राष्ट्रिय प्राथमिकताका आयोजनाहरूलाई दीर्घकालीन रूपमा लाभान्वित तुल्याउने सबै आयोजना तथा कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिने छ । कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्यका साथ नेपालमै उत्पादन हुन सक्ने कृषि उपजको उत्पादन तथा

उत्पादकत्व वृद्धि र बजारीकरणलाई विशेष जोड दिइएको छ । कृषकहरूलाई समयमै रसायनिक मल र उन्नत बिउ, बिजन उपलब्ध गराउने तथा वर्षैभरि कृषियोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने कुरालाई नीतिले समेटेको छ । साथै स्थानीय तहमा जैविक मल कारखाना स्थापना गर्न प्रोत्साहित गरिने कुरालाई पनि नीतिले अघि सारेको छ । राष्ट्रिय गौरवका र रूपान्तरणकारी आयोजनाको कार्यान्वयनलाई प्राथमिकता दिने कुरा उल्लेख छ । वन क्षेत्रको दिगो व्यवस्थापन गर्दै देशलाई काठमा आत्मनिर्भर बनाउने कुरालाई महत्त्वका साथ उल्लेख गरिएको छ । नीतिमा जल, जङ्गल, जमिन तीनओटैको उचित व्यवस्थापन र सदुपयोग गर्ने कुरालाई जोड दिइएको छ । कृषि र वनको संयुक्त कार्यक्रम कार्यान्वयन गर्ने कुरालाई नीतिले राम्रोसँग समेटेको छ । बाँझो जग्गाको उपयोग गर्ने र नदी उकास क्षेत्रमा कृषि उत्पादन प्रवर्धन गर्ने कार्यक्रमलाई नीतिमा विशेष रूपले समेटिएको छ । यसै गरी कृषि उत्पादन वृद्धि गर्न भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरिने कुरालाई पनि जोड दिइएको छ ।

यस सन्दर्भमा कतिपय माननीय सदस्यहरूले यो ढला पडा रुख चाहिँ २ वर्षभित्र त्यसलाई उपयोग गरिने भन्ने कुरालाई चाहिँ प्रश्नको रूपमा उठाउनुभएकोमा मेरो ध्यान आकर्षण भएको छ । वर्षौंदेखि ती ढला पडा रहँदै आएका छन् । करोडौं मात्रै होइन अरबौं खरबौंको काठ कुहिएर जाने कुरा त दशकौंदेखि भएको छ । यो अहिले सरकारले यो बनाएर भएको त होइन पहिलो कुरा । दशकौंदेखि विदेशबाट काठ आयात गर्ने अरबौंको र खरबौंको काठ आयात गर्ने नेपालको धन हरियो वन नेपालको धन भन्ने प्रचलनलाई गलत साबित गर्दै विदेशबाट काठ आयात गर्ने नीति कहिलेदेखि सुरु भयो? नेपालमा कसको पालादेखि सुरु भयो? म माननीय सदस्यहरूको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु । अहिले सरकारलाई यो नीति उल्टयाउन चाहेको छ सरकारले । अब त्यो कुहिएर खेर जाने सबै काठलाई सदुपयोग गर्ने विदेशबाट काठ आयात गर्ने नीतिलाई प्रतिस्थापन गर्ने र खरबौंको राजस्व त्यहाँबाट सङ्कलन हुन सक्ने र लाखौं रोजगारी सृष्टि हुने कुरालाई जोड दिएर दुई वर्षभित्र भनेको दुई वर्ष पर्खिन पर्छ भनेको होइन । तुरुन्तै गर्न सके त तुरुन्तै गरे हुन्छ । तर त्यसको निम्ति त कार्यविधि त बनाउनै पर्ला । त्यसको अनुगमन मेकानिजम बनाउनै पर्ला । त्यसकारण यति राम्रोसँग ल्याइएको कुरालाई पनि कतिपय माननीय सदस्यहरूले शङ्काको नजरले हेर्नु मलाई बडो नमिठो पनि महसुस भएको छ । राजस्व प्रशासनलाई थप सुदृढ र चिस्त बनाउँदै तथा विद्यमान कर प्रणालीमा पुनरावलोकन गर्दै राजस्वको दायरा विस्तार गर्ने कुरा नीतिमा समेटिएको छ । राजस्व, कर छली, न्यून विजकीकरण, हुन्डी अवैध व्यापारलाई कटाइका साथ नियन्त्रण गर्न सरकार प्रतिबद्ध छ ।

सभा अध्यक्ष महोदय, सरकारले सुशासनको पक्षमा दृढतापूर्वक अगाडि बढेको यथार्थ यहाँहरू सबैलाई जानकारीमा छ । खालि एउटा विषय हो कि भन्ने कतिपय सन्दर्भमा परेको पनि हुन सक्छ मिडियामा मैले कहिले काहीं विषयलाई एक ठाउँमा मात्रै केन्द्रित गर्ने कोसिस पनि देखेको छु तर सरकार सबै सबै खाले विसङ्गति विकृतिहरू चाहे त्यो सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित हुन् । चाहे त्यो राजस्व सङ्कलनसँग सम्बन्धित हुन् चाहे त्यो भ्रष्टाचारका अरू कुनै पनि किन नहुन् । चाहे अकुत सम्पत्तिको छानबिन गर्ने कुरा होस् । सबैतिर क्रमशः र गम्भीर रूपले यो समाजमा र यो देशमा व्याप्त विसङ्गति हटाउने दृढ इच्छा शक्तिको साथ अगाडि बढेको म यहाँहरूलाई जानकारी गराउन चाहन्छु । जहाँसम्म भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका सबै तहको तपका कडाइका साथ लागु गर्न सरकार प्रतिबद्ध छ । भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनमा सुधार तथा संस्थागत सुदृढीकरण गर्ने विषयलाई नीतिमा प्राथमिकताका साथ समावेश गरिएको छ ।

जहाँसम्म नीति तथा कार्यक्रममा विगतका उपलब्धि उल्लेख भएन भन्ने सवाल छ । त्यसमा म माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु । कि सरकारले गत आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरूको उपलब्धिलाई समेटेर तयार गरिएको संविधानको धारा ५३ बमोजिमको प्रतिवेदन सम्मानित सदनमा पेस भैसकेको छ । सरकारले निजी क्षेत्रलाई अर्थतन्त्रको विकासमा मुख्य साझेदारका रूपमा लिएको छ । सरकार निजी क्षेत्रसँग बलियो साझेदार कायम गर्दै आर्थिक रूपान्तरणको दिशामा अगाडि बढ्न दृढ रहेको छ । निजी क्षेत्रका प्रतिनिधि सङ्घ संस्थाहरूले यस नीति तथा कार्यक्रमलाई स्वागत र समर्थन गर्नुले पनि यो नीति तथा कार्यक्रम उद्योग व्यवसायीमैत्री छ भन्ने कुरा पुष्टि भै नै सकेको छ । किनभने दुनियाँका कुनै पनि विकसित देशको पृष्ठभूमिलाई हेर्ने हो भने उनीहरूले निजी क्षेत्रको प्रभावकारी संलग्नता उनीहरूको सक्रियतालाई प्रोत्साहन गरेर मात्रै विकास र रोजगारीको एउटा नयाँ युगतिर जान खोजेको कुरालाई हामीले गम्भीरतापूर्वक लिएर यो नीति तथा कार्यक्रममा त्यसलाई समेट्ने कोसिस गरिएको छ ।

नीतिमा बालबालिकाको संरक्षण र विकासका साथै बालमैत्री पूर्वाधार निर्माणलगायतका विषय समेटिएका छन् । युवा जनशक्तिलाई विभिन्न प्रोत्साहनमूलक कार्यक्रममार्फत स्वदेशमै रोजगारी हुन सघाउ पुऱ्याउने तथा व्यापक औद्योगीकरणमार्फत स्वदेशमा रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने कुरालाई विशेष जोड दिइएको छ । स्टाट अप बिजनेसलाई प्रवर्धन गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने श्रम आप्रवासन व्यवस्थित गर्ने, विदेशमा रहेका

नेपालीहरूको सुरक्षा गर्ने, तथा अप्ठ्यारोमा परेका नेपालीहरूलाई तुरुन्त उदार गर्ने कुरालाई समेत नीतिमा उत्तिकै जोड दिएर उठाइएको छ ।

यसै गरी खेलकुद क्षेत्रमा पूर्वाधार विकासलगायतका कार्यलाई पनि अघि बढाउँदै खेलकुद पर्यटनको विकास र विस्तार गर्ने कुरालाई पनि नीतिले उचित महत्त्वका साथ जोड दिएको छ । नीतिमा राष्ट्रिय योजना आयोगलाई पुनः संरचना गरी नीति योजना तथा अनुगमनको केन्द्रीय निकायको रूपमा विकास गर्ने कुरालाई उल्लेख गरिएको छ साथै नीति अनुसन्धानमा रहेको संस्थागत दोहोरोपन हटाउने, सरकारी तथा सार्वजनिक निकायबाट हुने अध्ययन अनुसन्धान विश्वविद्यालयमार्फत गराइने कुरा समेटिएको छ यसबाट उच्च शिक्षालाई नवप्रवर्धनात्मक र अनुसन्धानमूलक बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ । विपन्न र भूमिहीनलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी नदी किनारका अतिक्रमित भूमि खाली गराइने तथा विभिन्न समुदायका खरका छाना भएका आवासलाई जस्ताको पाताको छानाले प्रतिस्थापन गर्दै लगिने कुरा स्पष्टसँग उल्लेख गरिएको छ । त्यसै गरी गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यलाई दुई वर्षभित्र सम्पन्न गर्ने र गरिब घर परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्दै सामाजिक सुरक्षाकार्डमा रूपान्तरण गर्ने कुरा समेटिएको छ । यो आफूमा निकै दुर्गामी महत्त्वको नीति र कार्यक्रम हो । सीमान्तकृत विपन्न परिवारलाई लक्षित गरी वडा तहमा सहुलियत खाद्यान्न पसलको व्यवस्था गर्ने कुरालाई पनि विशेष महत्त्वको साथ उठाइएको छ ।

परराष्ट्र नीति सञ्चालनमा सबै राजनीतिक दलबाट एउटै धारणा हुनुपर्दछ भन्ने कुरामा सरकार विश्वास राख्दछ । राष्ट्रिय हितलाई सर्वपरी राखी सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानका आधारमा छिमेकीलगायत सबै मित्र राष्ट्रसँगको सम्बन्धलाई थप प्रगाढ बनाउन सरकार प्रतिबद्ध छ । देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वाभिमान र सीमानाको सुरक्षाको लागि सरकार सदैब सचेत र प्रतिबद्ध छ । लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि हो भन्ने कुरा नेपाल सरकार बडो प्रष्ट छ । र थाति रहेका सीमासम्बन्धी विषयलाई ऐतिहासिक सन्धि नक्सा तथ्य र प्रमाणका आधारमा कूटनीतिक पहलबाट समाधान गर्न सरकार दृढ र प्रतिबद्ध रहेको जानकारी पनि म माननीय सदस्यहरूलाई गराउन चाहन्छु ।

यसपटक विगतदेखि सञ्चालन हुँदै आएका महत्त्वपूर्ण कार्यक्रमलाई निरन्तरता दिनुका साथै जनतासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न नयाँ कार्यक्रम प्रस्ताव गरिएका छन् । मैले कतिपय माननीय सदस्यहरूले नयाँ केही पनि छैन यही पुरानै फेरि कर्मकाण्डी, परम्परावादी भनेको पनि सुनें मलाई अलिकति नमिठो पनि लाएको छ । मैले अहिले सबै के के नयाँ छ भनेर पूरै व्याख्या गर्न त लामै भाषण गर्नुपर्ने हुन्छ । म खालि उदाहरणको लागि मात्रै राख्ने

चाहन्छु । केही प्रतिनिधिमूलक नयाँ कार्यक्रम के के छन् त यो नीति कार्यक्रममा भन्ने कुरा पनि म माननीय माननीय सदस्यहरूको अगाडि राख्न चाहन्छु सभा अध्यक्ष महोदय ।

कृषिमा आत्मनिर्भरता हासिल गर्न गुणस्तरीय बिउ, बिजनमा देशलाई आत्मनिर्भर बनाउने पशुपन्छी तथा खाद्यसम्बन्धी प्रयोगशालाहरूको स्तर उन्नति गर्ने तथा अन्तर्राष्ट्रिय सम्बन्धनका प्राप्तिका लागि आवश्यक व्यवस्था गर्ने । प्रत्येक पालिकामा १/१ ओटा सित गृह कृषि भन्डारण वितरण केन्द्र स्थापना गर्ने । ढला पडा रुखहरूलाई व्यवस्थित गर्ने । कृषि र वनको संयुक्त कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएको छ । यो विगतको कार्यक्रमको निरन्तरता होइन । यो अहिलेको देशको आवश्यकतालाई सम्बोधन गर्न ल्याइएको नयाँ कार्यक्रम हो । विद्युत् क्षेत्रमा दुई वर्षभित्र सबैलाई विद्युत्को पहुँच पुऱ्याइने । हिउँदमा ३० युनिट र वर्षामा ५० युनिटसम्म विद्युत् निःशुल्क उपलब्ध गराउने । सिँचाइको कार्यमा प्रयोग हुने विद्युतीय महसुलमा सहुलियत दिने विषय समेटिएको छ । यो पनि नयाँ कार्यक्रम नै हो । जो निरन्तरताको र परम्परागत र कर्मकाण्डी होइन । स्वास्थ्य क्षेत्र सेवा प्रभावकारी रूपमा प्रभाव गर्न सामूदायिक अस्पतालमा वहिरङ्ग सेवा बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म अनिवार्य रूपमा सञ्चालन गर्ने । ९८ प्रकारका आधारभूत औषधिहरू स्वदेशमै उत्पादन गर्ने । प्रत्येक प्रदेशमा मुटुको शल्याक्रिया र क्यान्सर रोगको निधान हुन सक्ने गरी सुपर स्पेस्यालिटी अस्पताल स्थापना गर्ने । विभिन्न दुर्घटनामा परेका घाइतेहरूलाई शीघ्र उपचार गर्न एम्बुलेसन, दमकल सुरक्षाकर्मी तथा स्वास्थकर्मी सँगसँगै परिचालन हुने गरी एकीकृत आकस्मिक सेवा प्रणाली स्थापना गर्ने प्रदेश तथा स्थानीय तहसम्म एकीकृत सेवासहितको दीर्घकालीन तथा अल्पनकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्नेलगायतका विभिन्न नयाँ कार्यक्रम र नीति समेटिएका छन् ।

यसै गरी राष्ट्रिय पूर्वाधार गुरुयोजना तयार गर्ने । पूर्वाधारको सह प्रयोगको व्यवस्था गर्ने नवप्रवर्धन र आविष्कार कोषको स्थापना गर्ने । यो पहिलोचोटि हामीले गर्रिँदै छ । मैले पहिला पनि सार्वजनिक रूपमा भनेको छु । यो हाम्रो वैज्ञानिक महावीर पुन मइतीघर मण्डलामा बस्नुभ'को त यहाँहरूले सबैले देख्नुभा' थियो । तपाईंहरूले नदेखेको कुरा के हो भने महावीर पुन र प्रधानमन्त्रीको सल्लाहले नै गएर बस्नुस् न त १/२ दिन मण्डलामा तपाईंको कोषको व्यवस्था गरिन्छ भनिएको थियो । गरियो पनि यो आफैमा नयाँ र महत्त्वपूर्ण प्रयोग पनि हो । पूर्वाधार निर्माणमा दुई सिफ्टमा काम गर्ने श्रमिकहरूको स्वचालित ज्याला प्रणाली लागु गर्ने कुरा समेटिएका छन् । शासकीय सुधार गरी सुशासन कायम गर्न वर्तमान समयमा असान्दर्भिक र कार्यमा दोहोरोपन भएका सरकारी कार्यालय सार्वजनिक संस्था, विकास समिति तथा कोषहरूलाई एक आपसमा गाभ्ने वा जरुरी रहेकालाई खारेज गर्ने राष्ट्रिय योजना आयोगको पुनः संरचना गर्ने

परियोजना बैङ्कलाई तीनै तहमा संस्थागत गर्ने औषधि व्यवस्था विभागलाई औषधि तथा स्वास्थ्य प्रविधि विभागमा रूपान्तरण गर्ने । सबै सार्वजनिक नियकाका अनलाइन प्रणालीबिच अन्तरआबद्धता कायम गर्ने तथा उच्च पदस्थलगायत जो कोहीले गैरकानुनी रूपमा आर्जन गरेको अकुत सम्पत्तिलाई छानबिनको दायरामा ल्याउनेलगायतका विषय प्राथमिकताका साथ समेटिएका छन् र यी सबै विषय नयाँ हुन् । त्यसकारण माननीय सदस्यहरू केही पनि नयाँ आएन भन्ने कुरा या चाहिँ हिजोका कार्यक्रम पनि हटाइयो भन्ने दुवै कुरा सही होइनन् । नीति तथा कार्यक्रम बडो राम्रो सँग सन्तुलन मिलाएको छ नयाँ र पुराना कार्यक्रमहरूको । माथिका विषयहरू नीति तथा कार्यक्रम कोही पनि नयाँ विषय भन्ने जुन धारणा व्यक्त भएको छ । त्यसलाई निराधार सावित गर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष ०८०/०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध, सामाजिक न्याय र सुशासनसहितको नेपाल निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने मेरो विश्वास छ । यस नीति कार्यक्रमको कार्यान्वयनबाट संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन हुने उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि भई स्वाधीन सबल र उन्मुख अर्थतन्त्र निर्माण गर्न योगदान पुग्ने विश्वास मैले लिएको छु । साथै राष्ट्रिय सुरक्षालगायत राष्ट्रको सर्वोपरी हितको रक्षा हुने छ । नागरिकको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच वृद्धि हुने तथा सेवा प्रवाहमा आधारभूत परिवर्तन भई जनतामा राज्यप्रतिको विश्वास  बढोत्तरी हुने विश्वास पनि मैले लिएको छु ।

अन्त्यमा नेपाली जनताको जीवनस्तरमा युगान्तकारी रूपान्तरणको दिशामा यो नीति कार्यक्रम एउटा कोशे ढुङ्गा हुने विश्वास गर्दै यसको कार्यान्वनयमा सम्बन्धित सबैबाट सक्रिय सहयोग प्राप्त हुने छ । म त्यसको निम्ति विशेष अपिल र अनुरोध पनि गर्न चाहन्छु । साथै सरकारले अघि सारेको नीति कार्यक्रमको कार्यान्वनयमा सबै माननीय सदस्यहरूबाट मैले आफ्नो प्रस्तुतिको सुरुमा भनेँ दुइटा कुरा एउटाः नीति, योजना र कार्यक्रमको विशिष्टता यो यहाँ सत्तापक्ष प्रतिपक्ष कोही पनि छैन । राष्ट्रिय सहमतिको दस्तावेज हो यो । हामी सबैले छातीमा हात राखेर एकैचोटि म प्रधानमन्त्री हुने बेलादेखि यहाँसम्म आउँदाको यसो विचार गर्नुभयो भने बडो मौलिक चित्र आउँछ । त्यो र नेतृत्वको निरन्तरता दुवै गठबन्धनमा एउटै नेतृत्व छ यो पनि ध्यान दिइयोस् र माननीय सदस्यहरूबाट विगतमा झैं सहयोग र सद्भाव प्राप्त हुने छ भन्ने अपेक्षा राख्दै आफ्नो भनाइ यहीं टुङ्ग्याउँछु । धन्यवाद ।

(१५:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय दिन्छु । उल्लिखित नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय खिमलाल देवकोटा ।

(१५:०३ बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मेरा दुइओटा सम्माननीय अध्यक्षज्यूमार्फत मेरा दुइओटा प्रश्न सम्माननीय प्रधानमत्रीज्यूलाई छ । मैले विशेष गरी समयको पनि अलिकति सम्माननीय अध्यक्षज्यूमा अलिकिति अनुरोध पनि गरेँ । समयको कुराहरूमा । दुइटा प्रश्न पहिलो प्रश्न, यही संसदमा सम्माननीय प्रधानमन्त्रीज्यूले विशेष गरी प्रदेशको मन्त्रालय, मन्त्रीको सङ्ख्यामा अलि चुस्तता चाहिन्छ । प्रतिनिधि सभाको १० प्रतिशतभन्दा बढि गरिनुहुँदैन भनेर संघीयता कार्यान्वयन अध्ययन अनुगमन संसदीय विशेष समितिमको प्रतिवेदनलाई जवाफ दिने क्रममा यसलाई कडाइका साथ लागु गरिन्छ कि मन्त्रालयको सङ्ख्या बढाउन दिइन्न मन्त्रीको सङ्ख्या बढाउन दिँदैन भनेर सम्माननीय प्रधानमन्त्रीज्यूले पनि भन्नुभा'को थियो । र अघि भर्खरै सम्माननीय प्रधानमनत्रीज्यूले मेरो नेतृत्वमा दुइटा गठबन्धन भयो चुनावपछि भन्नुभा'थ्यो । सुरुको गठबन्धनको बेलामा प्रदेशको मन्त्रालय, मन्त्रीको सङ्ख्या चुस्तता थियो । ठिक्क साइजमा आ'को थियो । अहिले धमाधम फेरि मन्त्रालय मन्त्रीको सङ्ख्या बढाउने थाले । हामीले तल प्रश्न गर्दाखेरि चाहिँ यसको उत्तर चाहिँ के हो? गर । सम्माननीय प्रधानमन्त्रीज्यू, यता गठबन्धनतिर तेर्साउन थालिसकेको अवस्था छ । यसको जवाफ चाहिँ म सम्माननीय प्रधानमन्त्रीज्यूसँग चाहन्छु ।

दोस्रो ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१५:०४ बजे) **मानननीय दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीलाई मेरो प्रश्न । संविधान र संघीयता कार्यान्वयनको महत्त्वपूर्ण विषय भनेको तहगत तीन तहको सरकार बिचको सहकार्य र समन्वय हो । प्रस्तुत नीति कार्यक्रममा थुप्रै नयाँ संरचना गठनको विषय प्रस्तुत छ । तर संविधान र कानुनी व्यवस्थाबाट भएको प्रधानमन्त्रीको अध्यक्षता रहेको अन्तरप्रदेश परिषद्को बैठक लामो समयदेखि बस्न सकेको छैन । यो नीति कार्यक्रम निर्माणको क्रममा अति आवश्यक थियो किन बस्न सकेन? जवाफ चाहन्छु ।

प्रस्तुत नीति कार्यक्रममा असंलग्नता, स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति भनेको छ तर बजारमा त्यस्तो देखिँदैन । उत्तरको निम्तोमा नजाने, दक्षिणको निम्तो नदिने किन यस्तो भइरहेको छ? यसले सन्तुलित परराष्ट्र नीति कायम भएको छ? साथै शाख ६ गतेदेखि ११ गतेसम्म राष्ट्रिय सभाको अध्यक्षको नेतृत्वमा उच्चस्तरीय संसदीय दलको रसिया भ्रमण बारे सञ्चार माध्यममा परराष्ट्र मन्त्रालयको अधिकारीको हवाला दिएर आएको समाचार के हो? भ्रमण बेठिक हो? कि समाचार गलत हो? त्यसको स्पष्ट जवाफ माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय बामदेव गौतम ।

(१५:०५ बजे) **माननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, नीति कार्यक्रमको बारेमा जसरी स्पष्टीकरण दिनुभो' सम्माननीय प्रधानमान्त्रीजीले । ती सबैलाई म समर्थन गर्छु । तर त्यसमा छुटेका कतिपय विषयहरू छन् । त्यस सम्बन्धमा मैले राख्न चाहन्छु । नेपालको कृषि उत्पादनलाई आमूल परिवर्तन गर्ने गरी सम्पूर्ण अधिकार स्थानीय तहलाई दिने हो भने र त्यो पाँच वर्षभित्रमा, दश वर्षभित्रमा नेपालका सबै सबै क्षेत्रहरू, अर्थतन्त्रका सबै क्षेत्रहरू उच्चस्तरमा पुग्ने छन् । र नेपाल समृद्धिको तर्फ चाहिँ अगाडि बढ्ने छ । एउटा विषय यो हो ।

अर्को चाहिँ हाम्रो अध्यक्षको नेतृत्वमा रुस भ्रमणका बेला त्यहाँका उच्चपदस्त संसदका सभामुख तथा राज्य सभाका अध्यक्षलाई निम्ता दिएको थियो । त्यो निम्ता यहाँ आएर त्यो निम्ता दिने विषय उहाँ राखिएको थियो । त्यो नेपालबाट चाहिँ चिठ्ठी नगईकन त्यो सम्भव थिएन । त्यसो भएर हाम्रो अध्यक्षले परराष्ट्र मन्त्रालय ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव ।

(१५:०६ बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारबाट आएको नीति र कार्यक्रम त्यसमा अहिले सम्माननीय प्रधानमन्त्रीज्यूले जुन प्रतिउत्तर दिनुभ'को छ । यो अत्यन्त राम्रो छ । सुन्दर छ । मेरो प्रश्न के मात्रै हो भन्दाखेरि यो नीति र कार्यक्रम लागु गर्ने सन्दर्भमा Political Leadership सरकारको Political Leadership र bureaucrative Leadership को तयारी के छ? त्यो साँच्चीकै will Power छ कि छैन? Commitment छ कि छैन त्यो अलिकति Honesty छ कि छैन? यस बारेमा तयारी के हो? त्यो अलिकित म जान्न खोजेको हो सम्माननीय प्रधानमन्त्रीज्यूबाट । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भगवती न्यौपाने ।

(१५:०७ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यु, सम्माननीय अध्यक्षज्यूमार्फत म सम्माननीय प्रधानमन्त्रीज्यूलाई केही जिज्ञासा राख्न चाहन्छु, केही प्रस्ट हुन चाहन्छु । यो जब अर्थतन्त्र अत्यन्तै नकारात्मक रहिरहेको अवस्थामा सबै परिसूचकहरूले भन्छ । अर्थतन्त्र नकारात्मक छ भनेर तर अर्थतन्त्रलाई सुदृढ गर्ने सरकारसँग त्यो प्रतिबद्धता के छ? जबसम्म अर्थतन्त्रलाई सुदृढ गर्न सकिँदैन । त्यसैले यो नीति कार्यक्रम कार्यान्वयन हुन्छ भन्ने कुरा विश्वास पनि गर्न सकिँदैन । त्यो विषयमा सरकारको प्रतिबद्धता के छ? भनेर भन्न चाहन्छु ।

र म अर्को कुरा पनि भन्न चाहन्छु । प्रधानमन्त्रीज्यूले बोल्दै गर्दाखेरि महावीर पुनको विषयमा जे कुरा उठाउनुभो' । मैले पठाएको भनेर जे भन्नुभो' सल्लाहले गएको भनेर जे भन्नुभो' त्यो विषयमा मैले महावीर पुनको स्टाटस पनि देखेको थिएँ । उहाँले त्यसरी लेख्नुभएको छैन । आपत्ति पनि प्रकट गरेर लेख्नुभएको छ एउटा स्टाटस उहाँले प्रधानमन्त्रीज्यूले यो पहिला पनि भन्नुभएको थियो । त्यो विषयमा आपत्ति प्रकट गर्नुभएको छ । म प्रश्न गर्न चाहन्छु । जसले केही माग गर्‍यो के सम्माननीय प्रधानमन्त्रीज्यू, तपाईं सडकमा गएर आन्दोलन ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देवकोटा ।

(१५:०८ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, प्रधानमन्त्रीबाट नीति तथा कार्यक्रममा उठाएका कुराहरूको जवाफ आएको छ । म नीति तथा कार्यक्रममा सीमा सुरक्षासम्बन्धमा उल्लेख छ र प्रधानमन्त्री अब निटक भविष्यमा भारत जाँदै हुनुहुन्छ । लिपियाधुरा, कालापानीका सम्बन्धमा समकक्षी भारतका प्रधानमन्त्रीसँग वान, टु, वान बहस गर्ने के छ तयारी? म प्रधानमन्त्रीज्यूसँग सोध्न चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय श्री कमला पन्त ।

(१५:०९ बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यूलाई धन्यवाद छ अध्यक्षकामार्फतबाट । स्वास्थ्य बीमा कार्यक्रमलाई अझ प्रभावकारी बनाउने के कार्यक्रम छ? दुःख पाएका छन् जनताले । शिक्षा हुने र नहुनेको बिचको गहिरो खाडल छ शिक्षामा । यसलाई समान शिक्षा बनाउने के कार्यक्रम छ?

मलको कारखाना खोल्ने भन्ने आ'को छ । मलको कारखाना कहिले, कति वर्षभित्रमा खोलि सकिन्छ? र रुग्ण उद्योगलाई पुनः सञ्चालन गर्ने प्रतिबद्धता आएको छ खुशी छौं यो अवश्य पनि हुने छ । बजेट कति छ? कार्यान्वयनको विश्वसनीयता के छ? र हामी आयात प्रतिस्थापन गर्ने (सकियो ।) आयात प्रतिस्थापन गर्ने र निर्यात (**सम्माननीय अध्यक्ष**:- माननीयज्यू, मोवाइल बन्द ।) निर्यातलाई प्रोत्साहन दिने कार्यक्रम आएको छ । तर यसमा पनि कति विश्वसनीयता छ? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल ।

(१५:१० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत प्रधानमन्त्रीज्यूलाई प्रश्न राख्न चाहन्छु । खरका छाना भएका घरहरू चाहिँ अब जस्ताका छानाहरू लाग्ने छन् भन्नुभएको छ । जनता आवास कार्यक्रम कहीँ उल्लेख छैन र अधुरा छन् । जनता आवास अन्तर्गत बनेका घरहरू । ती घरहरू के हुन्छन्? प्रश्न राख्न चाहन्छु ।

राष्ट्रिय योजना आयोगको चाहिँ विकास समिति ऐन, २०१३ अनुसार चाहिँ गठन आदेशबाट बनेको छ । यसको लागि विधेयक ल्याएर ऐन बनाउनुहुन्छ कि? कि यो पुनर्संरचना भनेको के हो बुझ्न सकिएन? ठुला आयोजनाहरूको कुरा गर्नुभएको छ । सरकारको निरन्तरता र पूर्ववती सरकारको भनेर । तर मदन भण्डारी योगमाया आयुर्वेद विश्वविद्यालय कहीँ उल्लेख गर्नुहुन्न । राष्ट्रपति महिला उत्थान भनेर उल्लेख गर्नुहुन किन? धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय विमला घिमिरे ।

(१५:१० बजे) **<u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यूमार्फत म प्रधानमन्त्रीलाई एउटा जिज्ञासा राख्न चाहन्छु । महावीर पुनको प्रसङ्ग कोट्याउँदै माइती घरमा बसेको मेरै सल्लाहले हो भनेर यहाँ भन्नुभो' यो हामीलाई पनि यस्तो घटना दुर्लभै होला भन्ने जस्तो लाग्यो । प्रधानमन्त्रीज्यूले धेरै कुरा दुर्लभ भनिसक्नुभा' छ । सायद यो पनि दुर्लभै होला । त्यसै गरी अहिले किसानहरू र त्यहाँ एक जना महिला पनि महिला हिंसामा परेर न्याय खोज्दै त्यहाँ बसिरहनुभएको छ त्यो धर्नामा । सायद उहाँहरू पनि यहाँ कै प्रधानमन्त्रीज्यू कै सल्लाहमा हो कि? उहाँहरूले कहिले न्याय पाउनुहुन्छ होला? म स्पष्ट हुन चाहन्छु । हवस्त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय प्रकाश पन्थ ।

(१५:११ बजे) **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत सम्माननीय प्रधानमन्त्रीज्युलाई मेरो प्रश्न र माग पनि छ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू सामाजिक सुरक्षाको दायरामा छैनन् । यहाँ विभेद भएको छ । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई यस पटकदेखि सामाजिक सुरक्षाको दायरामा ल्याइयोस् भन्ने माग र सुझाव राख्छु ।

र यो सदाचार माथिदेखि तलसम्म आवश्यक छ । प्रधानमन्त्रीदेखि लिएर तल, तलसम्म आवश्यक छ । सदाचारको नीतिसम्बन्धी छुट्टै कानुन ल्याइयोस् । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय तुल प्रसाद विश्वकर्मा ।

(१५:१२ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, यो अध्यक्ष महोदयमार्फत म मैले प्रधानमन्त्रीज्यूलाई केही प्रश्न राख्न चाहन्छु । संविधानले सुनिश्चित गरिएको दलित समुदायको हक अधिकारलाई कार्यान्वयन गर्नका लागि यही सम्मानित राष्ट्रिय सभाले पारित गरेको सङ्कल्प प्रस्तावको बारेमा नीति कार्यक्रममा आएको छैन । र अहिले उहाँले अहिले जवाफ दिने क्रममा पनि त्यसको चाहिँ केही उल्लेख जवाफ आएन । त्यस बारेमा मैले केही जानकारी लिन चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय भुवन वहादुर सुनार

(१५:१२ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, यही राष्ट्रिय सभामा यो जातीय विभेदका विरुद्धमा र जातीय समानताका लागि र हक अधिकारको लागि भनेर प्रस्तुत सङ्कल्प प्रस्ताव पास भएको थियो । त्यसमा स्वयम् प्रधानमन्त्री पनि उपस्थित हुनुभा'को थियो । र उहाँले चाहिँ यसलाई चाहिँ स्पष्टसँग हामी सम्बोधन गर्छौं सरकारले भन्नुभा'को थियो । तर अहिले आ'को चाहिँ नीति तथा कार्यक्रममा त्यो समावेश भएन । यसको लागि प्रश्न गर्न चाहन्छु । कतै म चाहिँ किन यस्तो भयो भन्ने बारेमा चाहिँ इच्छा जाहेर गर्न चाहन्छु । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१५:१३ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा, गरिव, विपन्न, अपाङ्ग, दलितहरूलाई व्यवस्थापन गर्ने कुरा आयो । अघि भुवनजी माननीयज्यूले भनेको कुरामा मेरो सहमति छ । गरिव, विपन्न, अपाङ्गभित्र दलित नपर्न पनि सक्छ । दलितको समस्या फरक समस्या हो । दलितको समाचार सामाजिक समस्या हो । विभेदको समस्या हो । दलित हुँदैमा गरिव हुन्छ भन्ने छैन । दलितले ठुलो सिक्रि लाएर हिँडेको पनि हामी देखेका छौं । त्यसैले गर्दा यसलाई गरिव, विपन्नसँग राखेर फरक हिसाबले राख्नुपर्छ र फरक किसिमले आउनुपर्छ भन्ने मलाई लाग्छ ।

र अर्को कुरा भ्रष्टाचार नियन्त्रणको कुरा उठेको छ । जनताहरू खुसी भएर सडकमा आइरहेका छन् । सरकारसँग साँच्चिकै भ्रष्टाचारीलाई नियन्त्रण गर्ने खाका, जनतालाई सुशासन प्रत्याभूति गराउने खाका, कार्यक्रम बजेटमा आओस् भन्ने चाहन्छु म । बजेटमा उल्लेख भएर आओस् भन्ने चाहन्छु ।

र अर्को कुरा भ्रष्टचारीहरूलाई अहिले ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१५:१४ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत म सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । यो नीति र कार्यक्रमको एक नम्बरमा लेखिएको छ । राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलन चाहिँ लेखिएको चाहिँ छ । यो जनआन्दोलनभन्दा अगाडि जनयुद्ध चाहिँ किन लेखियो? यसको बारेमा प्रष्ट हुन चाहन्छु ।

र अर्को प्रश्न चाहिँ यो कृषि उत्पादन बृद्धि गर्नका निम्ति यो जग्गाको चक्लाबन्दी गर्ने कुरा चाहिँ छ । यो कुन विधि र कुन मोड्युलबाट गरिन्छ? यसको पनि म जवाफ चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय श्री सिंग वहादुर विश्वकर्मा ।

(१५:१५ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिबाट म प्रधानमन्त्रीज्यूलाई प्रश्न भनौं, जिज्ञासा गर्न चाहन्छु । सबै साथीहरूले भनिसक्नुभो' । तर जुन हामीले सङ्कल्प प्रस्ताव पेस गरेको उसमा चाहिँ अब अहिले यो नीति तथा कार्यक्रममा समेटिन्छ भनेर चाहिँ धेरै आसा गरेको समेटिएन । त्यसले गर्दाखेरि हामी दलितहरू अब आन्दोलनमै उत्रिनुपर्ने? धेरै दलित जुन कार्यकर्ताहरूले चाहिँ आवाज बुलन्द गरिरहेका छन् । त्यसको ध्यान केन्द्रित गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेशजंग रायमाझी ।

(१५:१५ बजे) **<u>माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीज्यूसँग एउटा मेरो जिज्ञासा रहेको छ । सम्माननीय अध्यक्षज्यूमार्फत पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल कलेज सञ्चालन गर्ने कुरालाई सिद्धान्त र राजनीतिक रूपमा आउँदाखेरि कोड गरिएको थियो । तर अहिले नीति तथा कार्यक्रममा आउँदाखेरि पूर्वाञ्चल विश्वविद्यालय मेडिकल कलेज सञ्चालन गर्नको लागि कहि कतै बोलिएको देखिएन । त्यसमा सरकारले आउँदो बजेटमा बजेट व्यवस्था गर्छ कि गर्दै गर्दैन? जान्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नर बहादुर विष्ट ।

(१५:१६ बजे) **<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयमार्फत प्रधानमन्त्रीज्यूलाई म एउटा प्रश्न गर्न चाहन्छु । २०१३ सालमा बनेको विकास समितिबाट १८० ओटा विकास समिति बन्या रहिछन् अहिलेसम्म । नीति तथा कार्यक्रममा खारेज गर्ने भन्ने त आएको छ । तर यसको प्याकेजमा चाहिँ सुरुमा ०२१ सालदेखि ०७९ फाप्लासम्म आउँदा विकास समिति बन्या रहिछन् । र यो अहिलेको २०७२ को संविधान अनुकुल ऐन बनाएर चलाउँदाखेरि अहिलेको नीति तथा कार्यक्रमलाई सबैभन्दा प्रभावकारी हुन्छ भन्ने लाग्छ । यो तत्काल चाहिँ लागु गर्ने गरी म यो प्रश्न सोध्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नारायण दत्त मिश्र ।

(१५:१७ बजे) **<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म सत्ता पक्षको कै सांसद हुँ । यस्तो प्रश्न गर्न मिल्ने हो कि हैन? यो प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक एक ओटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिनेछ । एक टोल एक सामुदायिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र नीतिमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ भन्या । एक वर्षमा त होइन होला? पाँच वर्षमा

पनि सकिएला जस्तो लाग्दैन मलाई । त्यसकारण यसलाई अलि दश, बाह्र वर्ष लेख्दिने हो कि? धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुरेश कुमार आलेमगर ।

(१५:१८ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदयमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई एउटा दुइटा जिज्ञासा राख्न चाहन्छु । यो एक नम्बर प्रदेश अशान्त छ । आन्दोलित छ यति बेला पनि । तर त्यो बारेमा चाहिँ नीति तथा कार्यक्रममा पनि कहि उल्लेख छैन । सम्माननीय प्रधानमन्त्रीज्यूको यो जवाफ दिने क्रममा पनि केही आएन एउटा ।

दोस्रो, विजनेस नपाएर हाम्रो हाउस त्यति अगाडि बढिरहेको छैन । कतिपय बेला त्यस्तो किसिमको स्थिति आएको थियो । यो हाउसमा विजनेस दिने सम्बन्धमा सरकारको तदारुकता र पहल कतिको होला?

र अर्को हामीलाई योजनाहरू लिएर जाँदा मन्त्रालयमा लिएर जाँदाखेरि चाहिँ त्यहाँ नयाँ कार्यक्रम केही पनि आउँदैन । पुरानो मात्र हुन्छ भनेर भनिन्थ्यो । अहिले त हामीले देख्यौं । धमाधम नयाँ कार्यक्रम रहेछन् । किन त्यस्तो भनिएको थियो हामीलाई? धन्यवाद ।

(१५:१८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराँउछु ।

(१५:१९ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्ष महोदय, म अब माननीय सदस्यहरूले उठाउनुभएको जिज्ञासाबारे सरकारको धारणा राख्न उपस्थित भएको छु । पहिलो कुरा: प्रदेश सरकारको आकार सम्बन्धमा माननीय सदस्यले राख्नुभएको कुरा साँचो हो । हामीले १० प्रतिशतभन्दा नबढाउने प्रदेश सरकारको आकारलाई भन्ने कुरा भनिएकै थियो तर अहिले एकाद प्रदेशमा त्यस्तो स्थिति देखापरेको छ, त्यसलाई हामी अझै पनि १० प्रतिशतभित्रै ल्याउने कुरामा प्रयत्नशील छौं । मैले अहिले यति भन्न चाहन्छु । त्यसलाई ल्याइन्छ नै ।

अब यसबिचमा अन्तरप्रदेश परिषद्को बैठक किन बसेन? भनेर यहाँहरूले राख्नुभएको जिज्ञासामा मेरो ध्यान आकर्षण भएको छ । म के जानकारी गराउन चाहन्छु भने सातै प्रदेशका मुख्यमन्त्री र प्रदेशका अरू सम्बन्धित पदाधिकारीसहितका दुइटा केन्द्रीय बैठक सिंहदरवारमा मेरो नेतृत्वपछि भएका छन् । यो कुरामा सबै माननीय सदस्यहरूको ध्यानाकर्षण गर्न चाहन्छु । त्यतिबेला हामीले अन्तरप्रदेश परिषद्को बैठक पनि छिटै बस्ने कुरा गरिएको छ । र यो बजेटको लगत्तै, बजेट घोषणा भएपछि हामी त्यो बैठकको तयारी गर्दै छौं ।

अर्को केही माननीय सदस्यहरूले यो उत्तर-दक्षिण भ्रमणको कुरा ल्याउनुभयो । हाम्रो कुनै संवैधानिक र कानुनी बाध्यता छैन । प्रधानमन्त्रीले पहिला कताको भ्रमण गर्ने भन्ने कुरा त्यस्तो केही बाध्यता छैन । समय परिस्थितिअनुसार गरिने कुरा हो र त्यसको सबभन्दा ठुलो प्रमाण त म आफै हुँ । म पहिलोचोटि प्रधानमन्त्री हुँदा पहिला भ्रमण उत्तरतिरबाट सुरु गरेको थिएँ मैले । तर हाम्रो भूगोल, हाम्रो अर्थतन्त्र, हाम्रो खुला सिमाना यो सबै कारणले हाम्रा सबै खालका जनसम्बन्धको दृष्टिकोणले पनि भारतको महत्त्व र विशिष्टता हामी सबैलाई थाहा छ । त्योकारणले एउटा परम्पराजस्तो बन्ने गरेको पनि केही कारण भएरै हो । अहिले चैं म के कुरा स्पष्ट गर्न चाहन्छु भने उत्तरले बुवा फोरममा निम्ता गरेको पक्कै पनि हो तर त्यहाँ हामीले नजाने भनेर निर्णय नेपाल सरकारले गरेको होइन । म माननीय सदस्यहरूलाई प्रष्ट होस् । बरु चिनियाँ राजदूतले नै यहाँको राष्ट्रपति र उपराष्ट्रपति चुनावको दबाब, यहाँ गठबन्धन बन्ने र भत्कने प्रक्रिया सायद देखेपछि उहाँहरूले सरकारको अप्ठ्यारोलाई बुझेर उहाँले नै मलाई निकै अठ्यारो देखिन्छ, तपाईको त बुवा फोरममा जान त सम्भव देखिराख्या छैनौं हामीले । अलि पछि गरौं कि क्या हो चीन भ्रमण भनेपछि मैले उहाँलाई तपाईंले यहाँको मर्का बुझिदिनु भो' धन्यवाद भन्या मात्रै हो । त्यसकारण हामीले रोकेको भन्ने कुरा सत्य होइन ।

अर्को यो रुस भ्रमणबारे पनि माननीय सदस्यहरूले प्रश्न राख्नुभयो । अब पछि के कस्ता टिप्पणीहरू आएका छन् सबै त मैले हेर्न भ्याएको छैन । तर सम्माननीय अध्यक्षजी र मेरोबिचमा धेरै यो विषयमा गम्भीर रूपले छलफल भएर परराष्ट्र मन्त्रालयमा गएर अड्किएका डकुमेन्टहरूलाई अगाडि ल्याउने र भ्रमणको सकारात्मक वातावरण बनाउन मैले निकै सक्रिय र नेतृत्वदायी भूमिका खेलेको छु । यो सम्माननीय अध्यक्षज्यूलाई राम्रोसँग थाहा छ । र भ्रमणमा गएर आइसकेपछि दुई देशको सम्बन्ध र विकास साझेदारीका थुप्रै क्षेत्रहरूबारे निकै उत्साहवर्धक रहेको भ्रमण माथिल्लो तहमा धेरै राम्रो कुराहरू भएको कुरा मैले सुन्ने र उत्साहको साथ हामी त्यो प्रक्रियालाई अगाडि बढाउनतिर लागेका छौं । त्यसकारणले यसबाहेक अरू कस्ता टिप्पणी छन्, ती सही होइनन् । मैले प्रष्ट गर्ने कुरा त्यही हो । यो भ्रमणको चाँजोपाँजो मिलाउने कुरामा

र त्यसलाई सहजीकरण गर्ने कुरामा प्रधानमन्त्रीको हैसियतले मैले झण्डै निर्णायक पहलकदमी लिएको थिएँ भन्ने कुरा माननीय सदस्यहरूलाई जानकारी गराउनका चाहन्छु ।

अब कृषि उत्पादनमा आमूल परिवर्तन गर्न स्थानीय पालिकाहरूलाई अधिकार दिनुपर्छ भन्ने माननीय सदस्यहरूको जो सुझाव छ, सरकार त्यसमा गम्भीर छ । अहिले बजेट वक्तव्यमा ७५३ वटै पालिकामा कृषि उत्पादन वृद्धिको र रोजगारी सृष्टिको विशेष कार्यक्रम आउँदै छ । मलाई लाग्छ माननीय सदस्यहरूले राख्न खोज्नुभएको सार तत्वको विशेष कार्यक्रम, जसले ठुलो स्केलमा छिटै रोजगारी सृष्टि पनि गर्न सकोस्, उत्पादन वृद्धि र आत्मनिर्भरतातिर पनि देशलाई लान सकियोस् भन्ने मनसायले योपटक, पहिलोपटक त्यस्तो कार्यक्रम हामी अगाडि सार्दै छौं । रुस भ्रमणको मैले भनि नै सकें ।

र यो नीति कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा जे प्रधानमन्त्रीको आयो, त्यो त ठिक आयो । तर राजनीतिक नेतृत्व र ब्युरोक्रेसीको बिचमा सामञ्जस्य छ? यो प्रश्न आफैंमा निकै संवेदनशील प्रश्न पक्कै पनि हो । तर हामी लगातार अहिले गृहकार्यमा छौं, छलफलमा छौं । राजनीतिक नेतृत्व विभिन्न मन्त्रालयका मन्त्रीहरू र सचिवहरूको बिचमा यो नीति कार्यक्रम बनाउने सन्दर्भमा पनि र बजेट वक्तव्यको तयारीको सन्दर्भमा पनि । हामी निकै गम्भीर छलफलमा छौं । र आज बिहान मात्रै पनि माननीय सदस्यले सोधेको प्रश्न सन्दर्भमा म आफैंले विगतदेखि यस्तो हुँदै आएको छ बजेट पनि प्रधानमन्त्रीले होइन, अर्थमन्त्रीले होइन, अर्थसचिवले पनि होइन, सहसचिवले अनि त्यसपछि गएर शाखा अधिकृतले, त्यसपछि लास्टमा कम्प्युटरमा बस्ने मान्छेले बनाउँछन् भन्ने चैं बाहिर हल्ला पनि छ । यो स्थितिको योपटक तपाईं त्यो कहीं कतै त्यो चैं आउन नपाओस् । सरकारको नेतृत्वमा जनआधारित जनतालाई सम्बोधन गर्ने गरी तालमेल गरेर जानुपर्छ भन्ने कुरा हामी छलफल गरिराखेको जानकारी म यहाँहरूलाई दिलाउन चाहन्छु ।

अर्थतन्त्रलाई सुदृढ गर्ने सन्दर्भमा हामीले बडो प्रष्टसँग भनेका छौं, अर्थतन्त्र दबाबमा छ, अप्ठ्यारोमा छ । तर के कुरा साँचो होइन भने श्रीलङ्कातिर हुँदैछ भन्ने कुरा चै साँचो होइन । त्यो अनावश्यक आतङ्क सिर्जना गर्ने झुटो कुरा हामी कसैले पनि गर्न हुँदैन । सङ्कटमा त छ तर श्रीलङ्काको स्थितितिर जाँदै छैन । हाम्रा सूचकहरूले त्यस्तो देखाउँदैन । त्यसकारण अहिले हामीले यसलाई सुदृढ गर्न एकतिर त हामीले राजस्व वृद्धि गर्नै पर्छ । राजस्व वृद्धि गर्नको लागि हामीले भन्सार नीतिलाई अझ दह्रो बनाउनुपर्छ । चोरी पैठारीलाई रोक्नको लागि कझ कठोर कदम चाल्नुपर्ने हुन्छ । हामीले करको दायरा बढाउनुपर्ने हुन्छ । राजस्व छली गर्ने प्रवृत्ति लाई द्रुतसाहित गर्नुपर्ने हुन्छ । भ्रष्टाचारलाई दृढताको साथ नियन्त्रण गर्नुपर्ने हुन्छ । र मैले

अहिले भर्खरै भन्याजस्तो ग्रामीण क्षेत्रबाट र स्थानीय तहबाट नै आर्थिक विकास र क्रियाकलापलाई गति दिने चैं सुरु गर्नुपर्छ । त्यसो भयो भने अर्थतन्त्रलाई विस्तारै हामी लयमा ल्याउन सकिन्छ भन्ने विश्वासको साथ नै हामीले यो नीति कार्यक्रम र अब आउने बजेटलाई पनि त्यही दिशातिर लाँदै छौं ।

अर्को माननीय सदस्यले राख्नुभयो, भारतीय प्रधानमन्त्रीसँग one to one भेट्ने कार्यक्रम छ कि छैन? भयो भने के के हुन्छ? भन्नेर राख्नुभएको छ । पक्कै पनि प्रधानमन्त्री लेबलमा कुराकानी हुन्छ । र हामीले नेपालको राष्ट्रिय हितसँग सम्बन्धित विषयलाई बडो प्रष्टसँग र नेपाल-भारत सम्बन्धमा रहेका समस्या समाधानको निम्ति पनि बडो प्रष्टसँग कुरा गर्ने छौं भन्ने मेरो विश्वास छ ।

स्वास्थ्य बिमाको बारेमा विगतमा हामीले जे निर्णय गरेका थियौं बडो राम्रो मनसायले तर परिणाम हामीले मनसाय राखेजस्तो नआएको हुनाले त्यसलाई, त्यो बिमा योजनालाई अझ परिमार्जित गर्ने प्रक्रियामा हामी छौं । र बजेटसम्म जाँदा हामी त्यतातिर लान्छौं । शिक्षा र मल कारखाना चैं स्थापना गर्ने विषयमा पनि हामी निरन्तर अगाडि बढेका छौं । र योपटक भारत भ्रमणमा मल कारखाना स्थापना गर्ने विषयमा पनि हामी ठोस् कुरा गर्दै छौं । जनता आवास कार्यक्रमलाई हामीले कहीं पनि निषेध गर्ने कुरा छैन । मैले फुसका घरलाई काम गर्ने भनेको पनि त्यो आवाससँग सम्बन्धित नै कार्यक्रम हो । ठुला आयोजनाको कुरा मैले भनी नै सकें ।

अब एउटा कुरा चैं मैले अलि अलि हल्का रूपले अलि अलि ब्यङ्गजस्तो अलि अलि चैं रमाइलोजस्तो गरी भनेको महावीर पुनवाला कुरा, कुरा के साँचो हो भने महावीर पुन केही बुँदागत माग लिएर प्रधानमन्त्रीकोमा आउनुभएको थियो पहिल्यै, माइतीघर मण्डलमा बस्नुभन्दा अगाडि । र उहाँका कुरालाई प्रधानमन्त्रीको हैसियतले मैले निकै सकारात्मक रूपमा लिएँ र मैले भनें तपाईंले यो आविष्कारको निम्ति, innovation को निम्ति जो बजेटमा पहिला त उहाँले GDP कै १ प्रतिशत भन्ने सोच्नुभएको रहेछ तर अर्थतन्त्रमा दबाब परेको देखेपछि यो GDP कै भन्ने कुरा त अलि बढी हुने भयो । त्यसकारण विकास बजेटको १ प्रतिशत चैं अन्वेषण कोष innovation कोष स्थापना गर्न पर्यो । त्यसले सरकारलाई र नेपाललाई धेरै ठुलो मद्दत हुन्छ भनेपछि मैले उहाँलाई तपाईंको यो भनाइ धेरै सकारात्मक छ । देशमा वास्तवमा हामीले यो आविष्कारलाई, innovation लाई बजेट नछुट्याउने, छुट्याए पनि विभिन्न शीर्षकमा, विभिन्न मन्त्रालयमा छरेर छुट्याउँदाखेरि त्यसबाट कुनै परिणाममुखी प्रतिफल आएको छैन । त्यसकारण तपाईंले यो भन्नुभयो, म अहिलेको सरकारको नीति कार्यक्रम र बजेटमा तपाईंको यो भनाइलाई

सम्बोधन गर्ने पूरै कोसिस गर्छु भनेसी बडो राम्रो वातावरणमा छलफल सकियो । सबै भन्न पर्ने हो माननीय सदस्यहरूले गम्भीर ढङ्गले उठाएपछि । अनि उठ्नेबेलामा ठट्टा गर्दै महावीरजीले भन्नुभयो, अब कुरा त यहाँ ठिकै भयो तर म चैं कस्तो हुँदो र'छ भनेर माइतीघर मण्डलामा जाने सोच्या छु है भन्नु भो' । उठेर हिँड्ने बेलामा । अनि मैले अब त्यो त तपाईंले गर्ने कुरा हो । जानुह हुन्छ भने त्यसले मलाई पनि सजिलै हुन पनि सक्छ, यो अन्वेषण कोष स्थापना गर्न भनेकै हो मैले । त्यही भनाइलाई मैले सल्लाह भनेर सल्लाहले निर्णय भयो भनेको त हैन । यही यथार्थ हो । यो यथार्थलाई हामी सबैले कसरी बुझ्ने, त्यसरी नै बुझ्दा हुन्छ । बडो सौहार्दपूर्ण वातावरणमा भएको पनि हो । सम्झदारी बनेको पनि हो । अब त्यो कोषको व्यवस्था गर्ने नीति कार्यक्रममा परेको पनि छ । बजेटमा पनि त्यो पर्छ नै । मैले महावीर पुनको गरिमा र महत्त्वलाई होच्याउने किसिमले भनेको विल्कुल होइन । बरु उहाँले बडो सरलताका साथ राख्नु भएको कुरालाई मैले पनि सरल रूपले भनेको मात्रै हो । यसलाई योभन्दा बढी वा घटी गरेर बुझ्न जरुरी छैन ।

अब हुन त माइतीघर मण्डलामा आएका धेरैलाई हामीले सम्बोधन गरेका छौं हैं, यो सरकारले । यो कुरा ध्यान दिनुहोला । पहिला नेपालगञ्जको केही महिलाहरू पैदल हिँडेर माइतीघर मण्डलामा झण्डै महिनौं बसेकाहरूलाई पनि सरकारले सिंहदरवारमा बोलाएर, बालुवाटारमा बोलाएर सहमति गरेर आन्दोलन रोकेकै छ र सम्बोधन गर्ने प्रयास अगाडि बढाएकै छ । मिटर ब्याजीको यहाँहरू सबैलाई थाहा छ । त्यो आन्दोलनलाई पनि सरकारले गम्भीरतापूर्वक वार्ता, संवाद गरेर टुङ्ग्याएकै छ । महावीर पुनको पनि माइतीघर मण्डलामा सरकारले गएर संवाद गरेरै टुङ्ग्याएको हो । त्यसकारण अहिले पनि माइतीघर मण्डलामा सरकारले गर्ने सक्नेजति गरेको छ, गर्छ पनि । अहिले आएका किसानहरूलाई पनि हामी सम्बोधन गर्ने तयारी गरिराख्या छौं । वार्ताको तयारी गरिराख्या छौं । यसलाई हल्का रूपले लिन आवश्यक छैन

अब दलितको विषयमा यहाँहरूले जे राख्नुभएको छ, पक्कै पनि राष्ट्रिय सभाबाट एउटा सङ्कल्प प्रस्तावबारे छलफल हुँदा म पनि आएको थिएँ । दलितहरूको एउटा कार्यक्रममा पनि मैले भनेको थिएँ । मलाई त्यो सबै स्मरण छ । यो जति जोड दिएर राख्नुपर्ने नीति कार्यक्रममा परेको छैन, मैले बजेट कार्यक्रममा त्यसलाई राख्ने सोचेको छु । यो जानकारी यहाँहरू गराउन चाहन्छु ।

अब यो जनयुद्ध, जनआन्दोलन पहिला जनयुद्ध किन भयो? भन्ने कुरामा त्यस्तो कुनै गहिरो अर्थ र कारण छैन । पहिला यो पछिल्लो जनयुद्ध र जनआन्दोलनको कुरा हो । जनयुद्ध

भनेर पहिला पहिला पनि हुने गरेकै थिए । पछिल्लो जनयुद्ध सबभन्दा पहिला भयो । पछिल्लो जनआन्दोलन त्यसपछि भयो । पछिल्लो मधेस आन्दोलन जनआन्दोलनभन्दा नि पछि भएको हुनाले जन्युद्ध, जनआन्दोलन, मधेस सहज ढङ्गले राखिएको हो । त्यसमा कुनै ठुलो अर्थ खोज्न पर्दैन

पूर्वाञ्चल विश्वविद्यालयमा मेडिकल स्थापना गर्नेबारे निर्णय सरकारले गरी नै सकेको छ । र अब त्यसको निम्ति आवश्यक पर्ने बजेटको व्यवस्था गरिन्छ । मैले छोटकरीमा यति भन्न चाहन्छु । विकास समितिबारे माननीय सदस्यले राखेको विषयमा मेरो ध्यान आकर्षण भएको छ । हामी यसलाई सम्बोधन गर्ने कोसिस गर्छौं । यो एउटा पालिका, एउटा कृषि उत्पादन यो दश वर्ष भनेर राखे हुन्छ कि भनेर बडो ठट्टाको शैलीमा भन्नुभो' एकजना माननीय सदस्यले । यो ठट्टाको कुरा होइन । मैले अगि भनें एउटा विशेष कार्यक्रम ल्याइन्छ । र ६ महिनाभित्र कार्यान्वयन हुन्छ भन्ने विश्वासको साथ ल्याइँदै छ त्यो । त्यसकारण यसलाई १० वर्ष चाहिँदैन ।

कोशी प्रदेश या १ नम्बर प्रदेशको कुरा माननीय सदस्यले राखुभएको कुरामा ध्यान आकर्षण भएकै छ । मैले नै सबभन्दा पहिला त्यहाँ त्यसको विरोधमा आन्दोलन गर्ने साथीहरूसँग या विभिन्न संस्थाका प्रतिनिधिहरूसँग बालुवाटारमा नै बोलाएर गम्भीर ढङ्गले अहिलेको परिस्थिति, यो विषयको गम्भिर्यता र अहिले आन्दोलन कुन रूपमा हुन उचित छ, छैन भन्नेबारेमा कुराकानी गरेर वार्ताद्वारा नै यो समस्या हल गर्नुपर्छ । अर्को चैं यसलाई बढी अर्को ढङ्गले जान हुँदैन भनेको थिएँ । अहिले पनि सरकार पहिला त प्रदेशबाट नै वार्ता संवाद होस् भन्ने थियो । हामी अब यो हल नभइराखेको स्थितिमा हामी केन्द्रबाट पनि वार्ताको तयारी गर्दै छौं ।

हाउसलाई बिजनेस, पहिला अलिकति हाम्रो राम्रो तयारी हुन सकेन । फेरि पहिलोचोटि पनि भयो । तर म अब के भन्न सक्छु भने अहिले सत्तापक्ष र प्रतिपक्षको बिचमा हाउस चलाउनेबारे, हाउसका बिजनेसका बारेमा, विभिन्न समितिहरूको निर्माणको बारेमा यो संयुक्त समितिहरू राष्ट्रिय सभा र प्रतिनिधि सभाका दुवै समितिहरू निर्माण, त्यसको नेतृत्वको बारेमा पनि सत्तापक्ष र प्रतिपक्षको बिचमा एउटा प्याकेजमा सहमति भइसकेको छ । अब बिजनेसको दुःख हुँदैन भन्ने विश्वास म यहाँहरूको अगाडि व्यक्त गर्न चाहन्छु । मलाई लाग्छ माननीय सदस्यहरूले राखेका प्रश्नहरूको संक्षिप्त जवाफ मैले दिएँ । धन्यवाद ।

(१५:३६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस भएका संशोधन प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

सर्वप्रथम संशोधनकर्ता माननीय सदस्य तुलसा कुमारी दाहाललाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१५:३६ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, मैले राखेको संशोधन प्रस्ताव ३ वटा बुँदामा राखेको थिएँ । र यो नीति कार्यक्रममा राखिएको कुरा चैं सम्भव छैन भनेर म चैं फिर्ता लिन चाहन्नँ ।

(१५:३७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य तुलसा कुमारी दाहालले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य तुलसा कुमारी दाहालले आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस गर्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब अर्को संशोधनकर्ता माननीय सदस्य विमला घिमिरेलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१५:३७ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मेरो संशोधन ४ वटा बुँदामा थियो । १९, ३१, ३६ र ३८ । यी कुनै पनि संशोधन फिर्ता नलिने जानकारी गराउँछु । धन्यवाद ।

(१५:३८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य विमला घिमिरेले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य विमला घिमिरेले आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस गर्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब अर्को संशोधनकर्ता माननीय सदस्य डा. विमला राई पौडयालको तर्फबाट माननीय सदस्य भगवती न्यौपानेलाई संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

(१५:३८ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, माननीय डा. विमला राई पौडयालले जे संशोधन प्रस्ताव पेस गर्नुभएको थियो नीति कार्यक्रममा, उहाँले संशोधन राख्नुभएअनुसार सम्माननीय प्रधानमन्त्रीज्यूले उहाँको भावनालाई समेट्ने प्रतिबद्धता व्यक्त गर्नुभएन । त्यसकारण मलाई अनुमति छैन, उहाँले जे प्रस्ताव राख्नुभा' छ त्यो फिर्ता गर्ने । त्यसकारण म फिर्ता नगर्ने उहाँको तर्फबाट राख्न चाहन्छु । धन्यवाद ।

(१५:३९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य डा. विमला राई पौडयालको तर्फबाट माननीय सदस्य भगवती न्यौपानेले संशोधन प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, अब यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले संशोधनकर्ता माननीय सदस्य डा. विमला राई पौडयालको तर्फबाट माननीय सदस्य भगवती न्यौपानेले आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस गर्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट संवत् २०८० जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लेखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ १४ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ १४ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १५:४१ बजे ।**